# चुमनुव्री गाउँपालिकाको क्षमता विकास योजना

(आ.व.२०८०/२०८१–२०८२/२०८३)



गाउँ कार्यपालिकाको कार्यालय,

चुमनुव्री गाउँपालिका

सिर्दिबास, गोरखा

गण्डकी प्रदेश

# चुमनुव्री गाउँपालिकाको क्षमता विकास योजना

## (आ.व.२०८०/२०८१–२०८२/२०८३)

**Capacity Development Plan of Tsumnuwri Rural Municipality, Gorkha**

आर्थिक तथा प्राविधिक सहयोगः

**गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान**
**प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम,**
**पोखरा, कास्की**

प्राविधिक सहजिकरणः

सोलुसन रिसर्च सेन्टर प्रा. लि.
किर्तिपुर, काठमाण्डौ

## विषय सूची


**परिच्छेद एकः परिचय ........ १**
१.१ पृष्ठभूमि ........ १
१.२ क्षेत्रफल, सिमाना तथा धरातलीय स्वरुप ........ १
१.३ प्रशासकीय एवं राजनितिक विभाजन ........ १
१.४ जनसंख्या ........ २
१.५ आर्थिक सामाजिक एवम सौँस्कृतिक पृष्ठभूमि ........ २

**परिच्छेद दुईः विकासको समग्र अवस्था ........ ३**
२.१ प्रमुख सम्भावना तथा अवसर ........ ३
२.२ प्रमुख समस्या तथा चुनौती ........ ४
२.३ मुख्य मुख्य विकास प्राथमिकताहरू ........ ६

**परिच्छेद तीनः कानुनी नीतिगत व्यवस्था ........ १४**
३.१ नेपालको संविधान ........ १४
३.२ स्थानीय स्वायत्त शासन ऐन, २०५५ ........ १५
३.३ स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ ........ १६

**परिच्छेद चारः गाउँपालिकाको स्रोत साधन उपलब्धता ........ १७**
४.१ भौतिक सम्पत्ति ........ १७
४.२ मानव संसाधनको उपलब्धता र क्षमता ........ १७
४.३ संस्थागत स्वमुल्याङ्नको अवस्था ........ १९

**परिच्छेद पाँचः क्षमता विकासका रणनीतिहरू ........ २१**
५.१ मागमा आधारित क्षमता विकास रणनीति ........ २१
५.२ आपुर्तिमा आधारित क्षमता विकास रणनीति ........ २२

**परिच्छेद छः क्षमता विकास योजना ........ २४**
६.१ क्षमता विकास योजनाको अवधारणा ........ २४
६.२ क्षमता विकासका पक्षहरू ........ २५
६.२.१ संरचनागत वा संस्थागत विकास ........ २५
६.२.२ संगठनात्मक विकास ........ २६
६.२.३ मानव संसाधनको विकास ........ २६
६.२.४ सूचना प्रविधीको प्रयोग ........ २७
६.२.५ स्थानीय शासन (अवसर, वाधा, कमजोरी र शक्ती) ........ २७
६.३ क्षमता विकास योजनाको लक्ष ........ २९
६.४ क्षमता विकास योजनाको उद्देश्य ........ २९
६.५ औचित्य एवम् महत्व ........ ३०
६.६ योजना तर्जुमा विधी ........ ३१
६.७ अपेक्षित उपलब्धी ........ ३१
६.७.१ अपेक्षित प्रतिफल मापनको आधार ........ ३२

६.७.२ क्षमता विकास क्रियाकलाप मापनका सूचकहरू ............................................................ ३३

**परिच्छेद सातः चुमनुव्री गाउँपालिका त्रैवार्षिक क्षमता विकास कार्यक्रम................................................३६**

७.१ संस्थागत क्षमता विकास योजना ........................................................................................ ३६
७.२ मानव संसाधन विकास योजना .......................................................................................... ३८
७.३ क्षमता विकास योजना अनुगमन तथा कार्यान्वयन समन्वय समिति ........................................... ४२
७.४ कार्यपालिका पदाधिकारी तथा सदस्य र वडा सदस्यहरूको नामावली र सम्पर्क नम्बरहरू ................ ४३
७.५ स्थानीय तहमा गठित विभिन्न समितिहरूको विवरण ............................................................. ४३
७.६ स्थानीय तहमा कार्यरत कर्मचारीहरूको विवरण .................................................................. ४३

**परिच्छेद आठः निष्कर्ष तथा सुझाव........................................................................................ ४४**

**अनुसूचीहरू...................................................................................................................... ४६**

१. चुमनुव्री गाउँपालिकाको क्षमता विकास स्व-मूल्याङ्कन लेखाजोखा................................................ ४६
२. चुमनुव्री गाउँपालिकाको संस्थागत क्षमता (नेतृत्व तह) लेखाजोखा................................................५६
३. आपूर्तिमा आधारित क्षमता विकास आवश्यकता पहिचानका लेखाजोखा......................................... ६०
४. क्षमता विकाससँग सम्बन्धित स्रोत व्यक्ति र सरोकारवाला पक्षहरू..............................................६२
५. स्थानीय सरकारको विद्यमान मानव संशाधनको क्षमता लेखाजोखा फाराम (शाखागत रूपमा)................६३
६. क्षमता विकास योजना अनुगमन तथा कार्यान्वयन समन्वय समिति ............................................... ६४
७. कार्यपालिका पदाधिकारी तथा सदस्य र वडा सदस्यहरूको नामावली र सम्पर्क नम्बरहरू ....................६५
८. कार्यरत कर्मचारीहरूको विवरण .........................................................................................६६
९. क्षमता विकास आवश्यकता पहिचानको क्रममा अध्ययन गरिएका दस्तावेजको सूची ...........................६९

# परिच्छेद एकः परिचय

## १.१ पृष्ठभूमि

गाउँपालिकाको नागरिकहरूका लागि मितव्ययी तरिकाले गुणात्मक सेवा प्रदान गर्नकालागि मौजुदा क्षमताको विकास गर्न यो क्षमता विकास योजना तयार गरिएको छ । गाउँपालिकासँग भएको सिमित श्रोतबाट सेवाग्राही एवम् सेवाप्रदायक सरकारी, गैर सरकारी र निजी क्षेत्रको समेत संस्थागत क्षमता अभिवृद्धि गर्न यो त्रिवर्षिय क्षमता विकास योजना तर्जुमा गरिएको हो ।

गाउँपालिकाले आफ्नो भूमिका निर्वाह गर्दै जवाफदेहितालाई दिगो ढंगले वहन गर्न उनीहरूले काम गर्ने तौरतरिका तथा योजना को शैली र चिन्तन परिवर्तित सन्दर्भ अनुरूप प्रभावकारी र परिणाममुखी हुनु आवश्यक छ । यिनै विषयहरूलाई सम्बोधन गर्न गाउँपालिकाका अवयवहरूको (संस्थागत र संगठनात्मक व्यवस्था, मानव संशाधन तथा भौतिक पूर्वाधार) क्षमतामा सुधार ल्याउन पर्ने हुन्छ । मानवीय सीप र क्षमताको अधिकतम उपयोग गर्दै काममा नयाँपन तथा शैलीलाई सिर्जनशील एवम् परिणाममुखी बनाउन सेवा प्रवाह गर्ने निकायहरूको संस्थागत क्षमताको विकासको योजना आवस्यक हो । गाउँपालिकाद्वारा प्रवाह गरिएका सेवा, सुविधा तथा वस्तु आम नागरिकका अपेक्षा र चाहना अनुरूपका हुनु पर्दछ । जसले जननिर्वाचित प्रतिनिधि र कर्मचारी संयन्त्रप्रति विश्वसनीयता बढ्नुको साथै राज्य र व्यवस्थाप्रति पनि नागरिकहरूमा भरोषा बढ्छ । यसर्थ, सबै गाउँपालिकाले मानव संशाधन, विधि र कार्य प्रणाली तथा संस्थागत क्षमताको क्रमिक रूपमा वृद्धि गरी नागरिकप्रति उत्तरदायी बनाइराख्न यस योजनाको कार्यान्वयनबाट सम्भव हुनेछ ।

## १.२ क्षेत्रफल, सिमाना तथा धरातलीय स्वरुप

कुल क्षेत्रफल १६४८.५ वर्ग कि.मि. रहेको यो चुमनुब्री गाउँपालिका समुद्री सतहबाट १२३९ मिटर देखि ८१६३ मिटरसम्म फैलिएको छ । नेपालका उच्च हिमशृंखला मध्येको आठौं उच्च शिखर मनास्लु हिमाल (उचाइ ८१६३ मिटर) यसै गाउँपालिकामा अवस्थित छ । हिमचुली (७८९३ मिटर) र सूट्टी (७१८७ मिटर) जस्ता उच्च हिमाल लगायत अन्य हिमशृङ्खला यसै गाउँपालिकामा पर्दछन् । यस गाउँपालिकाको समग्र भाग मनास्लु संरक्षण क्षेत्रमा पर्दछ । यो गाउँपालिका लार्के (५१०६ मिटर) र ग्या (५३७५ मिटर) जस्ता उच्च पास (ला) हरूका साथै काल ताल र वीरेन्द्र तालहरू जस्ता विभिन्न ताल तलैयाहरू रहेका छन् । विशिष्ट सांस्कृतिक, ऐतिहासिक गुम्बाहरू र असंख्य जडिवुटी, जैविक विविधताले यो गाउँपालिका भरिपूर्ण रहेको छ । बुढीगण्डकी जलाधार, चुमनुब्री लार्के पास हुँदै मनाङ, मुस्ताङ जाने मुख्य पदमार्ग, मनोरम हिमशृङ्खला र अलौकिक संस्कृतिसहितको विशिष्ट भूपरिवेशले गर्दा यस गाउँपिलकाले पर्यटक आकर्षणको ठूलो सम्भावना बोकेको छ ।

## १.३ प्रशासकीय एवं राजनितिक विभाजन

गण्डकी प्रदेश अन्तर्गत गोरखा जिल्लाको उत्तरी भेगमा अवस्थित चुमनुब्री गाउँपालिका साविकका ७ वटा गाउँ विकास समितिहरू (समागाउँ, ल्हो, प्रोक, विही, छेकम्पार, चुम्चेत र सिर्दिवास) मिलाएर निर्माण भएको हो । गोरखा जिल्लाको मुख्य नदी बुढीगण्डकीको पश्चिमी भागमा तथा जिल्लाको उत्तर पूर्व अवस्थित सिर्दिबासको फिलिम यस गाउँपालिकाको केन्द्र रहेको छ ।

### १.४ जनसंख्या

यस गाउँपालिकाबाट २०७६ सालमा सङ्कलित तथ्याङ्क अनुसार यहाँ जम्मा २००४ घरपरिवार रहेका छन् । चुमनुब्री गाउँपालिकाको कुल जनसंख्या ९२८९ रहेको छ । वडागत रुपमा हेर्दा वडा नं. ३ मा सबैभन्दा बढी २९७७ र वडा नं. ५ मा सबैभन्दा कम ७२० जनाको बसोवास रहेको छ । कुल जनसंख्यामध्ये ४६६९ जना (५०.२७%) पुरुष र ४६२० जना (४९.७३%) महिला रहेका छन् । हालको जनसंख्या अनुसार लैङ्गिक अनुपात (पुरुष/महिला अनुपात) १००१ रहेको देखिन्छ । कुल जनसंख्याको ५९ प्रतिशत जनता आर्थिक रुपले सक्रिय (१५ देखि ५९ वर्ष) उमेर समूहभित्र पर्दछन् । एक वर्षमुनिका बालबालिका २ प्रतिशत, १ देखि ५ वर्षभित्रका ८ प्रतिशत, ५ देखि १५ वर्षसम्मका २२ प्रतिशत रहेका छन् । आर्थिक रुपले सक्रिय जनसंख्यामध्ये १६ देखि ३० उमेर समूह सबैभन्दा बढी -२९.८ प्रतिशत रहेको छ ।

### १.५ आर्थिक सामाजिक एवम साँस्कृतिक पृष्ठभूमि

चुमनुब्री गाउँपालिकाको समग्र आर्थिक तथा सामाजिक विकास तथा न्यायको अवस्थामा तुलनात्मक रुपमा सुधारको अवस्था देखिन्छ । मानव विकास सूचकांकका सूचकहरू तथा दीर्घकालीन विकासका लक्ष्यहरू हासिल गर्ने आधारमा हेर्दा गाउँपालिकाले कतिपय सूचकहरूमा उल्लेख्य प्रगति गरेको देखिन्छ भने आर्थिकरुपमा आत्मनिर्भरता हासिल गर्ने प्रक्रिया अन्तर्गत गाउँपालिका अघि बढेको छ ।

योसँगै सामाजिक रूपमा पछाडि परेका वर्ग, जाति तथा समुदायका लागि समेत गाउँपालिकाले गरेका प्रयास स्वरूप सामाजिक न्यायका सूचकहरूमा समेत सुधार आएको देखिन्छ । आर्थिक विकासको क्षेत्रमा गाउँपालिकाले कृषि तथा पशु जन्य अर्थतन्त्रको विकास तथा सुदृढिकरणमा विशेष उपलब्धि हासिल गरेको देखिन्छ । खासगरी निर्यातमुखी कृषि अर्थतन्त्रलाई प्रश्रय दिएको गाउँपालिकाले पर्यटन क्षेत्र, बाली विविधिकरण तथा पशुजन्य उत्पादनमा विशेष जोड दिएको अवस्था देखिएको छ ।

यस गाउँपालिकामा अधिकांश घर परिवार बौद्ध धर्मावलम्बीहरू रहेका छन् । आँकडा अनुसार ८८.५२ प्रतिशत बौद्ध धर्मालम्बीहरू छन् । यस वाहेक क्रिश्चियन १०.६३ प्रतिशत, हिन्दू ०.८० प्रतिशत र वोन ०.५० प्रतिशत रहेका छन् ।

## परिच्छेद दुईः विकासको समग्र अवस्था

चुमनुब्री गाउँपालिका गठन भएपश्चात गाउँपालिकाभित्र उपलब्ध हुन सक्ने स्रोत र साधनहरू सदुपयोग गरी आत्मनिर्भर र समृद्ध गाउँपालिकाको मार्गचित्रका आधारमा कार्यक्रमहरू हुँदै आएका छन् । हाल चालू रहेका नमुना कार्यक्रमहरूलाई निरन्तरता दिने तथा गाउँपालिकालाई निर्यातमुखी कृषि अर्थतन्त्रको विकासका माध्यमबाट पूर्ण आत्मनिर्भर बनाउने उद्देश्यले विगतको समीक्षा गर्दै विकासका नयाँ आयाम सम्भावनाहरूको खोजी गरेर गाउँवासीको सुखी जीवनको परिकल्पना गरिएको छ ।

सुखी नेपाली, समृद्ध नेपालको राष्ट्रिय मार्गचित्रले अघि सारेका निर्दिष्ट लक्ष्य तथा सोही आधारमा विकास भएको राष्ट्रिय योजना, दिगो विकासका लक्ष्य तथा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय तहमा सामाजिक न्यायसहितको विकासका पक्षमा नेपालले जारी गरेका प्रतिबद्धताहरू अँगाल्दै अघि बढ्नु पर्ने देखिन्छ । सामाजिक न्यायमा आधारित आर्थिक विकासका माध्यमबाट प्रतिव्यक्ति आय वृद्धि गर्ने, विकासका प्रतिफल सबैले पाउन सक्ने समावेशी संरचना र सुशासनमुखी स्थानीय शासनप्रणाली निर्माण गर्ने तथा आत्मनिर्भर एवं समतामूलक समाज स्थापनामार्फत संविधानले परिकल्पना गरेको समाजवाद उन्मुख नेपालको सपनामा योगदान दिने किसिमले विकासका योजनाहरू केन्द्रित गरिएका छन् ।

यसअघि कायम भएका विभिन्न गाउँ विकासहरूलाई एकीकृत गरी गाउँपालिका बनेपछि आर्थिक, सामाजिक तथा सुशासनका क्षेत्रमा भएगरेका कार्यक्रम, तिनीहरूबाट प्राप्त उपलब्धि तथा सिकाई, गाउँपालिकामा रहेको श्रोत, साधन तथा अन्य अवसरको खोजी र पहिचान गरी समग्र विश्लेषण गरिएको छ । यसबाट गाउँपालिकासँग भएको अवसर, विगतको अनुभव तथा भावी योजनाको बस्तुसम्मत विश्लेषण गरिएको छ ।

अवसर तथा चुनौती, सबल तथा दुर्बल पक्षको यथार्थपरक विश्लेषणका माध्यमबाट भविष्यमा निर्धारित लक्ष हासिल गर्न विकास तथा सामाजिक न्यायका बिभिन्न क्षेत्रका सम्भावनाहरू समेत औंल्याइएको छ । यी सम्भावनाहरूलाई प्राथमिकीकरण गर्दै उपलब्ध श्रोत तथा साधनको अनुमानका आधारमा भावी योजना निर्माण गर्नुपर्ने हुन्छ ।

### २.१ प्रमुख सम्भावना तथा अवसर

आफ्नो क्षेत्रभित्र रहेका आर्थिक, प्राकृतिक तथा मानवीय स्रोत तथा साधनको परिचालन गरी समृद्धिको मार्गमा अगाडि बढ्ने महत्वपूर्ण अवसर गाउँपालिकालाई प्राप्त भएको छ । यस गाउँपालिकाका विकास र समृद्धिका मुख्य अवसरहरूलाई निम्न रुपमा उल्लेख गर्न सकिन्छः

१. गाउँपालिकाको १३ प्रतिशत भूभागमा वनजंगल हुनु,
२. जडीबुटीको प्रचुर उपलब्धता हुनु,
३. जैविक विविधताले भरिपूर्ण विभिन्न प्रजातिका चरा, चुरुङ्गी, पुतलीहरू पाइनु,
४. माइक्रो हाइड्रो जलविद्युतका लागि उपयुक्त खोलानालाको अवस्थिति रहनु,
५. धार्मिक, सांस्कृतिक तथा पर्यटकीय स्थानका अलावा पदयात्रा तथा ठूला चरण तथा खर्क रहनु, पशुपालन अनुकूलको भूगोल रहनु,
६. सामुदायिक सशक्तिकरण बढ्दै जानु,

७. भूकम्पपछि विकास साझेदारको सहभागिता बढ्नका साथै गैसस तथा सामुदायिक संस्थाको विकास कार्यक्रममा सम्लग्नतामा वृद्धि हुँदै जानु,
८. जडीबुटी, बहुमूल्य पत्थर खानी लगायतका प्राकृतिक सम्पदा रहनु,
९. मनास्लु संरक्षण क्षेत्र र विश्वको आठौं अग्लो सुन्दर मनास्लु हिमाल रहनु आदि यहाँका अवसर हुन्।
१०. संवैधानिक रूपमा विभिन्न राजनैतिक, आर्थिक तथा प्रशासनिक अधिकारहरूको उपयोग गर्न सक्ने स्थिति रहेको छ ।
११. गाउँपालिकाको हावापानी तथा स्थान विशेष कृषि योग्य भूमिको उपलब्धताका कारण यस गाउँपालिकालाई पहिचान दिने गरी पर्यटन विकास गर्न सक्ने गाउँपालिकाका रूपमा विकास गर्न सकिनेछ ।
१२. एक दर्जन बढी रमणीय, भौगोलिक, सांस्कृतिक तथा धार्मिक पर्यटकीय महत्त्व बोकेका स्थानहरू भएकाले यसको विशेष महत्त्व र पर्यटन विकासको प्रचुर सम्भावना रहन गएको छ ।
१३. कृषि र जडीबुटी जन्य उत्पादित वस्तुको लागि आवश्यक बजारको समस्या नरहेको, यस गाउँपालिकामा उत्पादन हुने जैविक कृषि तथा पशु जन्य उत्पादनले राम्रो बजार पाउने प्रशस्त सम्भावना रहेको छ ।
१४. प्राकृतिक तथा अन्य आर्थिक स्रोतहरूको परिचालनबाट स्थानीयवासीको जीवनस्तरमा सुधार ल्याउन सकिने अवस्था रहेको छ ।
१५. अमिलो प्रजातिका फलफूल, आलु, टमाटर, अदुवा, टिमुर लगायत विभिन्न मौसमी फलफूल एवं तरकारीहरू, कृषि तथा पशुजन्य उत्पादनका लागि यस गाउँपालिकाले आफ्नो पहिचान स्थापित गर्न सक्ने र यस क्षेत्रको आधुनिकीकरण गर्न सकेको अवस्थामा यसको उत्पादकत्वमा वृद्धि आई थप आर्थिक उपलब्धि हासिल गर्न सकिनेछ ।
१६. वन जङ्गल, विभिन्न जडीबुटी, जलस्रोत, ढुङ्गाखानी आदि जस्ता प्राकृतिक स्रोतको लाभ लिन सकिने अवस्था रहेको छ ।
१७. पशुपालन व्यवसायको माध्यमबाट दुग्ध जन्य पदार्थको उत्पादनमा वृद्धि गर्न सकिने अवस्था रहेको छ ।
१८. गाउँपालिकामा रहेको वन जङ्गललाई संरक्षण गरी त्यसबाट प्राप्त गर्न सकिने लाभ जस्तैः प्राङ्गारिक मल, जडीबुटी उत्पादन जस्ता क्रियाकलापका माध्यमबाट आर्थिक उपार्जन गर्न सकिने देखिन्छ।

## २.२ प्रमुख समस्या तथा चुनौती

**<u>समस्याहरू</u>**

१. दीर्घकालीन सोचका आधारमा योजनावद्ध विकास प्रक्रिया अघि बढाउने परिपाटीको थालनी भएतापनि सोही अनुरूप कार्यान्वयन हुनमा समस्या देखिनु ।
२. योजना तथा कार्यक्रमको प्राथमिकिकरण गरी सोही अनुसार स्रोत परिचालनका आधारमा योजना र कार्यक्रम सञ्चालन हुन नसक्नु ।
३. गाउँपालिकाभित्र रहेका विषयगत शाखाहरूमा जनशक्तिको अभाव हुनु तथा कर्मचारीको छिटो तथा अप्रत्याशित सरुवा हुने प्रणालीको विकासका कारण कार्यक्रम कार्यान्वयनमा समस्या हुनु ।

४. भौतिक पूर्वाधार सम्बन्धी योजनाहरू छनौट गर्ने प्रक्रियाले एकातिर लक्षित लाभ लिन नसकेको अवस्था छ भने अर्कोतर्फ स-साना योजना छनौट गर्दा त्यसबाट सिर्जना हुने लाभ सानो जनसङ्ख्याले मात्र प्राप्त गर्ने अवस्था हुनु विकासको सिद्धान्त विपरीत भएर जानु ।
५. विपद् व्यवस्थापन, जलवायु परिवर्तन, वातावरणको संरक्षण जस्ता विषयमा आवश्यकता अनुसार नयाँ प्रविधि प्रयोग गर्न नसक्नु तथा यसको प्रभाव न्यूनीकरणमा ठोस कार्यक्रम कार्यान्वयनमा समस्या हुनु ।
६. गाउँपालिकामा उपलब्ध स्रोत, साधन र सीपको सदुपयोग गर्ने तर्फ अपेक्षित रूपमा ध्यान पुग्न नसक्दा गाउँपालिका बाह्य स्रोतमा निर्भर रहनु पर्ने अवस्था सिर्जना हुनु ।
७. कृषि र पर्यटन क्षेत्रको विकास र विस्तारको लागि वृहत्तर क्षेत्रगत योजना तयार हुन सकेको छैन।
८. वन विनाश र वातावरणको संरक्षण विकासको समस्याको रूपमा देखिएका छन् ।
९. विकासका आधारभूत मापदण्डहरूको संरक्षणमा समस्या देखिएको छ ।
१०. एक वडा एक पहिचानका कार्यक्रमहरू सञ्चालन गर्न सकिएको छैन ।
११. विकासका पूर्वाधारहरूको समान वितरण गर्न सकेको अवस्था छैन ।
१२. उत्पादन भएका वस्तुहरूको बजार र मूल्य निर्धारणको समस्या देखिएको छ ।
१३. शिक्षा र स्वास्थ्य क्षेत्रमा देखा परेका समस्याहरूको समाधान नै विकासको ठूलो समस्या देखिएको छ।

**चुनौतीहरू**

गाउँपालिकामा सामाजिक, सांस्कृतिक, आर्थिक तथा पर्यटकीय विकासका सम्भावनाको सँगसँगै चुनौती पनि प्रशस्त रहेका छन् । यस क्षेत्रको समग्र विकासको प्रमुख चुनौती भनेको नै आर्थिक स्रोतको व्यवस्था गरी दीर्घकालीन र दिगो किसिमको भौतिक पूर्वाधारको निर्माण र विस्तार गर्नु रहेको छ ।

१. सडक यातायातको पहुँच पुऱ्याउनु,
२. विद्यमान प्राकृतिक श्रोतबाट अधिकतम लाभ प्राप्त गरी स्थानीय जीवन स्तरमा सुधार गर्नु,
३. पर्यटनको विकास गरी आय र रोजगारीका अवसरहरू विस्तार गर्नु, कृषि र पशुपालनको व्यवसायीकरण गर्नु,
४. जैविक कृषि खेती गर्नु,
५. देशकै चौथो ठूलो क्षेत्रफलमा फैलिएको गाउँपालिका र छरिएको बस्ती एवं विकट र हिमाली भूभाग भएकाले व्यवस्थित सेवा प्रवाह गर्नु यस गाउँपालिका निमित्त प्रमुख चुनौती रहेका छन् ।
६. राजस्व सङ्कलन र आर्थिक स्रोत परिचालनका सम्बन्धमा अधिकारहरूको व्यवस्था अनुसारको आर्थिक, प्रशासनिक संरचनाको अभाव तथा कमजोर मानव संसाधन विकासका कारण अपेक्षित रूपमा आन्तरिक राजस्व सङ्कलन नहुनु ।
७. धेरैजसो भू-भागमा वन क्षेत्र, चरनपाखा, खोला, बगर, भीर पाखा र भिरालो जमिन भएकोले कृषिको आधुनीकिकरण गरी व्यावसायिक कृषिलाई अघि बढाउनु।
८. विनियोजित बजेट धेरैजसो भौतिक पूर्वाधारमा मात्र केन्द्रित हुने गरेकोमा मानव संसाधन विकासमा कम बजेट छुट्याउने परम्परालाई परिवर्तन गर्नु ।
९. गाउँपालिकाका सबै वडाहरूमा प्राकृतिक स्रोत तथा साधन र आर्थिक स्रोतहरू समान रुपमा नरहेका कारण सबै वडाहरूका आर्थिक तथा प्राकृतिक स्रोतहरूबाट प्राप्त हुने राजस्वलाई समान वितरण गर्दै सबैलाई विकासका समान अवसर प्रदान गर्नु ।

१०. पर्यटकीय विकासको उच्च सम्भावना बोकेका दृश्यावलोकन, पदयात्रा, उच्च पहाडी फाँटहरू र झरना लगायतका क्षेत्रमा पर्यटन विकासका पूर्वाधारहरूको विस्तार गर्नु ।
११. गाउँपालिकामा रहेका सामुदायिक वन क्षेत्रमा वर्षेनी लाग्ने डढेलोका कारण ठूलो वन क्षेत्र, चरिचरन क्षेत्र, महत्वपूर्ण जडिबुटी, वन्यजन्तु लोपोन्मुख हुने अवस्थाको अन्त्य गर्नु ।
१२. स्थानीय स्रोत, साधन, जडीबुटी आदिको उचित प्रयोग व्यवस्थापन र संरक्षण गर्नु ।
१३. ऐतिहासिक तथा धार्मिक सम्पदा स्थलहरूको संरक्षण र संवर्द्धन गर्नु ।
१४. सामुदायिक विद्यालय प्रतिको भरोसा एवम् विश्वासलाई कायम राख्नु ।
१५. सबै गाउँबासीलाई आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितता गर्नु ।
१६. उपलब्ध पानीका स्रोतहरूको व्यवस्थापन गरी कृषि योग्य जमिनमा बाह्रै महिना सिँचाइको सुनिश्चितता गर्नु ।
१७. घट्दो जन्म दर तथा बढ्दो बसाँइसराइलाई नियन्त्रण गरी गाउँपालिकाको जनसङ्ख्या वृद्धि दरलाई यथावत् राख्नु ।
१८. भ्रष्टाचार तथा फजुल खर्चको नियन्त्रण गरी प्रभावकारी प्रशासन संयन्त्रको विकास गर्नु ।

## २.३ मुख्य मुख्य विकास प्राथमिकताहरू

### आर्थिक विकास

- परम्परागत रुपमा हुँदै आएको जैविक खेतीलाई आधुनिकीकरण गरी उत्पादन वढाउन भकारो सुधार, जैविक मल र जैविक विषादी जस्ता उपायहरू अवलम्वन गरिनेछ ।
- अनुसन्धानमा आधारित मौसम र भू-वनौट अनुसारको कृषि वालीको चयन गरी आवश्यक उन्नत कृषि सामग्री उपलव्ध गराइनेछ ।
- सिंचाइको सम्भाव्यता अनुसार साना सिंचाइ तथा नयाँ प्रविधिमा आधारित सिंचाइ (सौर्य, थोपा, फोहोरा, वर्षातको पानी संकलन, प्लाष्टिक पोखरी) सुविधा विकास र विस्तार गरिनेछ ।
- गह्रा सुधार, चक्लाबन्दी, सहकारी खेती, पर्म प्रणाली आदिका माध्यमवाट उत्पादनमा वृद्धि गरिनेछ।
- हिमाली भेगका लागि उपयुक्त फलफूल जस्तै स्याउ, ओखर, खुर्पानी आदिका साथै आलु, सिमी, मुला, गांजर, साग जस्ता जैविक तरकारी बालीको व्यवसायिक उत्पादनलाई प्रोत्साहित गरिनेछ।
- उत्पादन र उत्पादकत्व वढाउन वाली विविधीकरण र सघनीकरण गरिनेछ ।
- समावेशी रुपमा कृषक अगुवाहरू छनौट गरी कृषकदेखि कृषकसम्म कार्यस्थलमै अनुभव, ज्ञान, सीप र प्रविधि आदान प्रदानको व्यवस्था गरिनेछ ।
- उच्च हिमाली भेगमा पाइने विशेष बीउविजनका लागि अनुसन्धान केन्द्रसँग सम्पर्क स्थापित गरी त्यसबारे ज्ञान, सीप र प्रविधिका अलावा कृषि सामग्री उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।
- जैविक मल र जैविक विषादी उत्पादन गर्ने कृषकलाई प्रोत्साहन गरिनेछ ।
- कृषक सहकारी एवं वित्तीय संस्थाहरूसँग कृषकहरूको पहुँच बढाइनेछ ।
- महिला मैत्री कृषि प्रविधि र औजारहरूमा पहुँच बढाइनेछ। वीमा संस्थाहरूसँग समन्वय गरी कृषि तथा पशु बिमा कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।
- रैथाने वालीलाई प्राथमिकता दिई उत्पादन बृद्धि गरिनेछ ।
- माटो, भूधरातल, मौसम अनुसारका उच्च मूल्य जैविक वस्तुहरूको उत्पादनलाई प्रोत्साहन गरिनेछ।

- उत्पादित वस्तुहरूलाई मूल्य श्रृङ्खलामा आबद्ध गर्न प्रशोधन, ब्राण्डिङ, प्याकेजिङ गरी पर्यटकीय होटल, रेष्टुरेण्ट र होमस्टे हरूमा आपूर्ति सञ्जालीकरण गरिनेछ ।
- कृषि उपजको बजारीकरण गर्न स्थानीय हाट बजारको व्यवस्था, कोशेली घर र विक्री केन्द्र संचालन गरिनेछ ।
- व्यवसायिक जडिवुटी खेतीलाई प्रवर्द्धन र प्रोत्साहन गरिनेछ ।
- कम तौल र उच्च मूल्यका बीउविजन तथा कृषि उत्पादन गरी सहकारी मार्फत बाह्य निकासी गर्ने व्यवस्था गरिनेछ ।
- तरकारी, फलफूल तथा जडिबुटीको नर्सरी विस्तार गरिनेछ ।
- पशुवस्तुहरूको नक्ष सुधार गरी मासु, दुध जस्ता पशुजन्य उत्पादनमा वृद्धि गरिनेछ ।
- कुखुरा, हाँस जस्ता पक्षीजन्य उत्पादन गरी मासुमा आत्मनिर्भर वनाइनेछ ।
- सम्भाव्य स्थानमा नमूना चौरी फार्म स्थापना गरी प्रविधि हस्तान्तरण गरिनेछ ।
- माछा पालन, मौरी पालनमा सीमान्तकृत समूहको समेत पहुँच स्थापना हुने गरी प्रोत्साहन गरिनेछ।
- चरन क्षेत्र विकास र भुईँ तथा डालेघाँस उत्पादनमा प्रोत्साहन गरिनेछ ।
- च्याङ्ग्रापालन व्यवसायमा प्रोत्साहन गरी व्यवसायी करण गरिनेछ ।
- पर्यटकीय गुरुयोजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।
- पर्यटकीय आकर्षण बढाउन सूचना, सुविधा र सुरक्षाको प्रभावकारी व्यवस्था गरिनेछ।
- नयाँ वैकल्पिक पदमार्गहरूको विकास र भैरहेका पदमार्गको स्तरोन्नति गरिनेछ।
- पर्यटकीय उपज (पैदल यात्रा, प्राकृतिक दृष्यावलोकन, पर्वतारोहण, राफटिङ, क्यानोनिङ, वञ्जी जम्पिङ, प्यारग्लाइडिङ, स्किइङ, आदि) मा वृद्धि गरिनेछ ।
- पर्यटन वोर्ड, संघीय तथा प्रदेश सरकार र सरोकारवाला निकायहरूको समन्वय र साझेदारीमा व्यापक प्रचार प्रशार गरिने छ ।
- पर्यटनको लागि प्रतिवन्धित हिमश्रृङ्खला तथा स्थान खुला गर्न संघीय सरकारसँग पहल गरिनेछ ।
- होमस्टेको विस्तार गर्दै भइरहेका होमस्टेलाई व्यवस्थित तवरले सञ्चालन गरिनेछ ।
- गुणस्तरीय अन्तरिक पर्यटकको प्रवर्द्धन गरिनेछ ।
- आवश्यकतानुसार पर्यटकीय होटल, लज, होमस्टेको विकास र विस्तार गरी आय र रोजगारी वृद्धि गरिनेछ।
- पर्यटन सूचना केन्द्रको स्थापना गरिनेछ ।
- होटलहरूमा प्रयोग हुने खाद्य सामग्री तथा अन्य सुविधालाई यथासम्भव स्थानीय उत्पादनमा आधारित बनाइनेछ।
- पर्यटन उद्योगमा स्थानीय उद्यमीलाई प्रोत्साहन गरिनेछ।
- स्थानीय पथ प्रदर्शक लगायत पर्यटन व्यवसायसंग सम्बन्धीत जनशक्तिको क्षमता विकास गरिनेछ।
- वेरोजगार युवा, वैदेशिक रोजगारवाट फर्केका युवाहरूलाई तालिम र वित्तीय सहुलियत दिई पर्यटन व्यवसायमा लाग्न प्रोत्साहन गरिनेछ ।
- भूकम्पवाट क्षतिग्रस्त पर्यटन पूर्वाधारको यथाशिघ्र पुनर्निर्माण सम्पन्न गरिनेछ ।
- पर्यटकको लागि स्थानीय उत्पादनमा आधारित कोशेली घरको ठाउँ ठाउँमा व्यवस्था गरिनेछ ।

- स्थानीय मौलिक कला तथा संस्कृतिको संरक्षण र सम्वर्द्धन गरिनेछ ।
- स्थानीय कला र सांस्कृतिक पहिचानलाई पर्यटनसँग आबद्ध गरिनेछ ।
- भूकम्पबाट क्षतिग्रस्त गुम्वा, माने आदिको पुनर्निर्माण र पुनस्थापन गरिनेछ ।
- स्थानीय मौलिक संस्कृतिको बढ्दो अतिक्रमण रोकिनेछ ।
- गुम्बाहरूमा रहेका प्राचीन सम्पदाको संरक्षण गर्न चेतनामूलक कार्यक्रम संचालनका साथै अग्नि नियन्त्रण उपकरण जडान गरिनेछ ।
- स्थानीय सांस्कृतिक संग्राहालय स्थापना गरिनेछ ।
- विभिन्न वस्ति र समुदायमा रहेका वचत तथा ऋण समूहलाई सहकारीमा एकिकृत हुन प्रोत्साहित गरिनेछ।
- एक परिवार एक खाता नीति अवलम्वन गर्न सहकारी वैंक तथा वित्तीय संस्थाहरूलाई सहजीकरण गरिनेछ।
- अनौपचारिक ढिकुटी कारोवारहरूलाई सहकारीकरण गर्न सहजीकरण गरिनेछ।
- समुदायमा आधारित संस्था, उपभोक्ता समिति, संरक्षण समिति, आमा समूह तथा स्थानीय क्लवहरूलाई वित्तीय साक्षरता अभियानमा परिचालन गरी स्थानीय वचत परिचालन गरिनेछ ।
- महिला सहकारी स्थापनालाई प्रोत्साहित गरिनेछ ।
- सहकारी संस्थाहरूमा वढी भन्दा वढी नागरिकलाई आबद्ध हुन प्रोत्साहित गरिनेछ ।
- उद्योग व्यवसाय संचालनका अभिमुखीकरण तालिम संचालन गरिनेछ ।
- स्थानीय कच्चा पदार्थ र प्रतिस्पर्धात्मक क्षमतामा आधारित लघु तथा घरेलु उद्योग र व्यवसायको सम्भाव्यता अध्ययन गरी प्रचार प्रसार गरिनेछ ।
- विभिन्न प्रकारका उद्योग व्यवसाय संचालन सम्वन्धी तालिम प्रदान गरिनेछ।
- स्थानीय उद्यमीहरूलाई बैंक तथा वित्तिय संस्थाहरूसंग समन्वय गरी वित्तीय पहुँच सहज पारिनेछ।
- युवा उद्यमशीलता अभिवृद्धिका लागि युवा लक्षित उद्यमशीलता तथा स्वरोजगार कार्यक्रमसँग सम्वन्ध स्थापित गराइनेछ ।

**सामाजिक विकास**

१. गाउँपालिका स्तरीय शिक्षा नीति, कानून र गाउँ शिक्षा योजना तयार गरी एकिकृत शैक्षिक सुधारका कार्यक्रम सञ्चालन गरिनेछ ।

२. अभिभावक शिक्षा तथा भर्ना अभियानलाई प्रभावकारी बनाई सबै बालबालिकालाई विद्यालयमा ल्याइनेछ ।

३. शिक्षा सम्बन्धी काम गर्ने विभिन्न संघ संस्थाहरू, आमा समूह, नागरिक समाज उन्मुख सामुदायीक संघ संस्थाहरू परिचालन गरिनेछ ।

४. विद्यालय छाड्ने दरमा कमी ल्याउन छात्रबृत्ति, पोशाक, खाजा तथा आवासीय सुविधाहरू उपलव्ध गराइनेछ ।

५. गुम्वा शिक्षामा आधारभूत तहसम्मको शिक्षा आबद्ध गरी औपचारिक शिक्षाको अवसर प्रदान गरिनेछ ।

६. पूर्व प्राथमिक शिक्षालाई समुदायमा आधारित गर्दै क्रमसः अधारभूत विद्यालयको दायरामा ल्याइनेछ ।
७. दलित तथा बञ्चितिमा परेका समुदायमा रहेको अवरोधहरूको पहिचान गरी शिक्षाको अवसर विस्तार गरिनेछ ।
८. श्रवण तथा दृष्टि अपाङ्गता भएका व्यक्तिहरूलाई सम्बन्धित शैक्षिक संस्थासंग सहकार्य गरी शिक्षाका अवसरहरू प्रदान गरिनेछ ।
९. छोरीको शिक्षाको लागि विशेष पोत्साहन र उत्प्रेरणा वृद्धि गर्ने कार्यक्रम संचालन गरिनेछ ।
१०. स्वास्थ्य नीति तर्जुमा गरिनेछ।
११. हरेक वडामा प्रसुति सेवा सहितको आधारभूत स्वास्थ्य सेवाकेन्द्रको विकास गरिनेछ।
१२. पालिका केन्द्रमा कम्तिमा १५ वेडको अस्पताल स्थापना गरिनेछ।
१३. पूर्ण खोप, भिटामिन ए, हेपाटाइटिस "बी" विरुद्ध खोप, हात्तिपाइलेको औषधी, जुकाको औषधि आदि लाई अभियानको रुपमा संचालन गरिनेछ ।
१४. कम्तिमा एक चिकित्सक र स्वास्थ्यकर्मी(एक स्वास्थ्य संस्था प्रणाली अवलम्वन गरिनेछ ।
१५. प्राथमिक मानसिक स्वास्थ्य, मुख, आंखा, नाक, कान र घांटी स्वास्थ्य सेवा लगायत विशेष उपचार सेवालाई गाउँपालिका अस्पतालवाट उपलव्ध गराइनेछ ।
१६. निशुल्क प्रदान गरिने भनिएका औषधिहरू गाउँपालिकामा कम्तिमा प्राथमिकीकरण गरिएका १० वटा रोगको लागि पर्याप्त मात्रामा राखी सर्वयाम उपलव्ध गराइनेछ ।
१७. स्वास्थ्य संस्थाको स्तर अनुसार भिडियो—एक्सरे, ल्याव लगायतका न्यूनतम उपकरण र जनशक्तिको व्यवस्था गरिनेछ।
१८. पालिका अस्पतालवाट स्वास्थ्यसंस्था केन्द्रित घुम्ति स्वास्थ्य शिविर संचालन गरिनेछ।
१९. सुरक्षित सुत्केरीकालागि गर्भवति महिलाहरूको नियमित जांच, पूर्ण खोप र संस्थागत सुत्केरी सेवाको व्यवस्था मिलाइनेछ ।
२०. गर्भवती तथा सुत्केरी महिलाकालागि नियमित स्वास्थ्य परीक्षण गरी स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलालाई सरकारी सुविधाका अलावा पौष्टिक आहार सहितकधो "पोशिलो झोला" को व्यवस्था गरिनेछ ।
२१. भूकम्पवाट क्षतिग्रस्त स्वास्थ्य संस्थाहरूको पुर्नस्थापन गरिनेछ ।
२२. युवा क्लबहरूको गठनमा उत्प्रेरणा जगाई युवाको संस्थागत पहिचान कायम गरिनेछ ।
२३. युवाहरूलाई उनिहरूको रुची अनुसारको सीप विकास तालिम उपलब्ध गराइनेछ ।
२४. युवाहरूलाई पर्यटन, लघु तथा घरेलु उद्योग, प्राकृतिक श्रोत उपयोग र व्यवस्थापन, कृषि जस्ता स्थानीय सम्भाव्यतामा आधारित आयमुलक तथा रोजगारीका क्षेत्रमा लगानी गर्न वैंक तथा वित्तिय संस्थाहरूसंग सहजीकरण गरिनेछ ।
२५. विद्यालयस्तरमा प्राविधिक र व्यवसायिक शिक्षा अध्ययनको अवसर श्रृजना गरिनेछ ।
२६. गापास्तरीय लैससास नीति तर्जुमा गरिनेछ ।
२७. लैंगिक उत्तरदायी बजेट प्रणालीलाई संस्थागत गदै लगिनेछ ।
२८. बालमैत्री शासन रणनीति तर्जुमा गरी वालमैत्री गाउँपालिका घोषणा गरिनेछ ।

२९. महिला संजाल, बालक्लव, जेष्टनागरिक संजाल, अपाङ्गता भएका व्यक्तिको समूह संग छलफल गरी तिनका चाहना र प्राथमिकता आधारमा विशेष कार्यक्रम तथा विषयक्षेत्रका कार्यक्रममा समेत प्राथमिकता दिई संचालन गरिनेछ ।

३०. महिला तथा सीमान्तकृत वर्गलाई नेतृत्व विकास गर्न उपभोक्ता समिति तथा अन्य विभिन्न समूह, समिति, उपसमिति, क्लव तथा विभिन्न सञ्जालका निर्णायक पदमा समावेश गर्न प्रोत्साहित गरिनेछ।

३१. लैससास समन्धी बिभिन्न सूचक तयार गरि अनुगमन तथा मूल्याङन प्रणालीलाई प्रभावकारी बनाइ कार्यान्वयन गरिनेछ ।

३२. आर्थिक रुपले अति विपन्न र अपाङ्गता भएका व्यक्ति, महिला लाई संघीय, प्रादेशिक एवं अन्य संघ संस्थासंग समन्वय तथा सहकार्य गरी सीपमुलक तालिम दिइनेछ ।

३३. वैदेशिक रोजगारीबाट फर्केका युवालाई लक्षित गरी तिनको सीप, ज्ञान, अनुभव र रकमलाई संभाव्य क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ ।

३४. महिला, बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने शिक्षा, स्वास्थ्य क्षेत्रमा जनचेतना अभिवृद्धि र पूर्वाधार विकास तर्फ स्वास्थ्य चौकी निर्माण, प्रसुतिगृह निर्माण, एम्बुलेन्स सेवा सञ्चालन बालविकास केन्द्रहरूको व्यवस्थामा जोड दिइनेछ।

३५. खुला दिशामुक्त गाउँ कार्यक्रमलाई व्यवस्थित गर्न आवश्यकता अनुसार सार्वजनिक शौचालय निर्माण तथा त्यसको व्यवस्थापनकालागि कार्य योजना तयार पारी कार्यान्वयन गर्ने नीति लिइनेछ।

३६. शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवाहरूलाई गाउँपालिकाको सामाजिक समृद्धिको मेरुदण्डका रूपमा अंगिकार गरी त्यसको विकासकालागि आवश्यक कार्य योजना लागु गरिनेछ।

**भौतिक विकास**

१. निर्माणाधिन उत्तर दक्षिण लोकमार्गसंग गाउँपालिका केन्द्र जोडने गरी सडक निर्माणका लागि संघ र प्रदेश संग समन्वय गरिनेछ ।

२. यातायात गुरुयोजना निर्माण गरिनेछ ।

३. वातावरण मैत्री दिगो यातायात पूर्वाधारको विकास गरिनेछ ।

४. वडा केन्द्रलाई सडक सञ्जालमा जोड्ने गरी विस्तृत आयोजना सर्भेक्षण गरिनेछ।

५. छेकम्पार सिर्दिवास सडकको विस्तृत अध्ययन गरिनेछ ।

६. २०७२ को भूकम्पबाट प्रभावित सडक, गोरेटा, घोडेटो तथा पदमार्ग मर्मत सुधार गरी पुनर्स्थापना गरी आवागमन सुचारु गरिनेछ ।

७. लागत साझेदारीका आधारमा मर्मत संभार गर्न उपभोक्ता समितिलाई जिम्मेवार बनाइनेछ ।

८. मापदण्ड अनुसार गोरेटो, घोडेटो बाटोको निर्माण गरिनेछ ।

९. पर्यटकीय पदमार्गहरूको निर्माण तथा स्तरोन्नती गरिने छ ।

१०. सडक प्रभावित क्षेत्रमा वैकल्पिक पदमार्गको विकास र निर्माण गरिनेछ ।

११. गाउँ बस्ती जोड्न एक घण्टाका फेरोमा झोलुङ्गे पुलको निर्माण गरिनेछ ।

१२. झोलुङ्गे पुलको मर्मत संभारमा महिलाहरूलाई तालिम प्रदान गरी संलग्न गराइनेछ ।

१३. झोलुङ्गे पुलको निर्माणमा स्थानीय संघ संस्था, साझेदार, प्रदेश र संघीय सरकार संग समन्वय गरिनेछ ।

१४. स्थानीय भवन संहिता वनाई लागु गरिनेछ।
१५. भूकम्पवाट क्षतिग्रस्त भवनहरूको मापदण्ड बमोजिम पुनर्निर्माण गरिनेछ ।
१६. वस्तिहरूको बिकासमा स्थानीय संस्कृति, परम्परा आदि मौलिकता झल्किने गरी भवनको नमूना डिजाइन तयार गरी उपलब्ध गराइनेछ ।
१७. स्थानीय डकर्मी र सिकर्मीहरूलाई सुरक्षित भर निर्माणको तालिम दिइनेछ ।
१८. सार्वजनिक जग्गा र भवनहरूको लगत संकलन गरी अभिलेख राखिनेछ ।
१९. वजार तथा वजार उन्मुख क्षेत्रमा ढल निकासको व्यवस्था गरिनेछ ।
२०. वस्तिहरूमा एकिकृत सेवा प्रवाह गर्न क्मशस् व्यवस्था मिलाउंदै लगिनेछ ।
२१. भूकम्पवाट क्षतिग्रस्त सामाजिक संरचनाहरूको पुनर्निर्माण र पुनर्स्थापना गरिनेछ ।
२२. सामुदायीक भवनहरू वनाएर वस्तिहरूमा एकिकृत सेवा प्रवाह गरिनेछ ।
२३. सार्वजनिक संरचनाहरू निर्माण गर्दा महिला, जेष्ठ नागरिक, वालवालिका र अपाङ्गतामैत्री वनाइनेछ
२४. विकासका पूर्वाधारको गुणस्तर सुनिश्चित गरिनेछ।
२५. कृषि र पर्यटनकालागि उपयुक्त ठानिएका क्षेत्रहरूको DPR गरी उक्त क्षेत्रहरूलाई पकेट र पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न आवश्यक पूर्वाधारको व्यवस्थापन तथा आधुनिक प्रविधिमा आधारित कृषि सम्बन्धी क्रियाकलापमा जोड दिइनेछ ।

**वन तथा वातावरण**

१. वन क्षेत्रमा वृक्षारोपणको व्यवस्था गरिनेछ ।
२. विकासका लगि वनक्षेत्रको कम भन्दा कम प्रयोग हुने स्थितिका लागि आवश्यक पहल गरिनेछ र वन क्षेत्रको प्रयोग नगरी नहुने अवस्थामा सम्बन्धीतबाट अनिवार्य परिपूरणको व्यवस्था मिलाइनेछ ।
३. संरक्षण क्षेत्रमा रहेका वनक्षेत्रलाई वैज्ञानिक व्यवस्थापन गरी आय आर्जन र रोजगारीसँग आबद्ध गराइनेछ ।
४. वन डढेलो नियन्त्रणकालागि अग्निरेखाको निर्माण गरिनेछ ।
५. निजी जग्गामा जडीबुटी खेती, फलफूल, छिटो बढ्ने र उच्च मूल्यका रुख आदिको विकास गर्न प्रोत्साहन गरिनेछ ।
६. फर्निचर र काष्ठजन्य उत्पादनमा आत्मनिर्भर हुन आवश्यक व्यवस्था गरिनेछ ।
७. वनक्षेत्रको उद्योग, पर्यटन, कृषि जस्ता क्षेत्रहरूसँग अन्तरसम्बन्ध स्थापित गरी नागरिकको आय र रोजगारी बढाइनेछ ।
८. चोरी सिकारी नियन्त्रण, जीवजन्तुहरूको संरक्षण आदिमा समुदायको सहभागिता बढाई जैविक विविधता संरक्षण गरिनेछ ।
९. समुदायको सहभागितामा जलाधार क्षेत्र, पानीका श्रोतहरूको संरक्षण गरिनेछ ।
१०. समुदायहरूसँग समन्वय र सहकार्य गरी जडीबुटी व्यवस्थित संकलनका र प्रशोधनको व्यवस्था गरिनेछ ।
११. स्थानीय वातावरण नीति तथा कानुन तर्जुमा गरी लागू गरिनेछ ।
१२. वातावरण व्यवस्थापन कार्य योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

१३. भौतिक पूर्वाधार निर्माण गर्दा विकास र वातावरण बीच सन्तुलन कायम हुने गरि कार्यक्रम संचालन गर्ने व्यवस्था गरिनुका साथै भारी यन्त्र उपकरणको प्रयोग निरूत्साहित गरिने छ ।
१४. वातावरण संरक्षण क्षेत्रमा काम गर्ने स्थानीय संघ संस्थाहरूसँग समन्वय र सहकार्य गरिनेछ ।
१५. विपद जोखिम न्यूनीकरण सम्बन्धी नीतिगत, कानुनी व्यवस्था गरी कार्य योजना बनाई लागू गरिनेछ ।
१६. स्थानीय भवन आचार संहित वनाई लागू गरिनेछ ।
१७. गाउँपालिकाद्वारा विकास संरचना निर्माण गर्दा विपद जोखिमपक्षलाई ध्यान दिइनेछ र गाउँपालिका भित्र संचालन हुने सबै विकास निर्माणमा विपद प्रतिरोधी मापदण्ड पालना गराउन समन्वय गरिनेछ ।
१८. प्राविधिक अध्ययन विना जथाभावी भौतिक संरचना निर्माणलाई निरुत्साहित गरिनेछ ।
१९. सबै क्षेत्रगत नीति निर्माणमा विपद जोखिम न्युनीकरण पक्षलाई ध्यान दिइनेछ ।
२०. जोखिमक्षेत्र नक्सांकन गरी जोखिम क्षेत्रमा भौतिक संरचना निर्माण गरिने छैन र सो क्षेत्रमा निर्माण नगरी नहुने भएमा सोही अनुसारको बलियो संरचना निर्माण गरिने छ ।
२१. वन जङ्गल संरक्षणमा आधुनिक प्रविधिको प्रयोग गरिनेछ।
२२. एकघर एक धारा र पूर्ण सरसफाइ सहितको गाउँपालिका बनाउने नीति अवलम्बन गरिने छ।
२३. प्रकोपबाट सिर्जना हुने मानवीय तथा आर्थिक क्षतिलाई न्यूनीकरण, वातावरणीय संरक्षण जस्ता कार्यक्रम र जलवायु परिवर्तन अनुकूलन योजनालाई आबद्ध गरी कार्यक्रम सञ्चालन गरिनेछ।
२४. सडक निर्माण गर्दा क्षति भएको खानेपानी योजना, सिँचाइ कुलोहरू सम्बन्धीत योजना सञ्चालन गर्ने उपभोक्ता समितिलाई नै पुनर्निर्माणमा जिम्मेवार बनाइनेछ।

**सुशासन तथा संस्थागत विकास**

१. गाउँपालिकाको भवन निर्माण गरी सेवा प्रवाहलाई सहज बनाइनेछ ।
२. वडा कार्यालय भवनहरूको मर्मत संभार तथा स्तरोन्नती गरिनेछ ।
३. विधि र कानूहरूको निर्माण गरी संस्थागत कार्यप्रणालीको स्थापना गरिनेछ ।
४. संगठन तथा व्यवस्थापन अध्ययन गरी संगठनात्मक पूर्नसंरचना गरिनेछ ।
५. दरवन्दी अनुसार कर्मचारीहरूको पद पूर्ति गरिने छ ।
६. सूचना प्रविधिमा आधारित कार्यप्रणाली अवलम्बन गरिनेछ ।
७. राजश्व सुधार कार्य योजना तर्जुमा गरी लागु गरिनेछ ।
८. कर्मचारी र पदाधिकारीहरूको क्षमता विकास गरिनेछ ।
९. बस्तुगत विवरण, ऐन कानून, कार्यपालिका तथा सभाका निर्णयहरू, कार्यक्रम, योजना तथा बजेट र प्रगति प्रतिवेदन, अध्ययन प्रतिवेदन, स्थानीय राजपत्र, संभाव्य लगानी परियोजना आदि रहने गरी वेवसाइडको नियमित रुपमा अध्यावधिक गरिनेछ ।
१०. स्थानीय विकास संरचना तथा सेवा प्रवाहको मापदण्डहरू तयार गरी कार्यान्वयन गरिनेछ।
११. नागरिक बडापत्रलाई अध्यावधिक गरी डिजिटल नागरिक बडापत्र कार्यान्वयनमा ल्याइनेछ ।
१२. गुनासो सुनुवाई, सार्वजनिक परिक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई जस्ता नागरिक उत्तरदायी संयन्त्रहरूलाई प्रभावकारी बनाइनेछ ।

१३. महिला समूह, आमा समूह, बाल क्लव, किशोर किशोरी समूह, अपाङ्गता भएकाहरू लगायतका सेवाग्राहीहरूको सञ्जालिकरण गरी पृष्ठपोषण प्राप्त गरिनेछ ।
१४. बजेट, कार्यक्रम तथा कार्यप्रगतिहरूको नियमित रुपमा सार्वजनिक गरिनेछ ।
१५. अन्तर तह तथा अन्तर निकाय समन्वय प्रभावकारी बनाइनेछ ।
१६. "जनतासंग अध्यक्ष" कार्यक्रम संचालन गरी स्थानीय गुनासो सुन्ने, पृष्ठपोषण लिने र व्यवस्थापन गर्ने प्रणालीको अवलम्बन गरिनेछ ।
१७. बेरुजुको विवरण सहितको बार्षिक प्रतिवेदन सभाको लेखा समितिमा प्रस्तुत गरिनेछ ।
१८. भ्रष्टाचारका संभाव्य क्षेत्रहरूको पहिचान गरी चुहावट र अनियमितता नियन्त्रण गरिनेछ ।
१९. पांच लाख भन्दा बढीको आयोजनाको निर्माण स्थलमा आयोजना सूचना पाटी राख्ने व्यवस्था मिलाइनेछ ।
२०. बस्ती स्तरमा घुम्ती सेवाको संचालन गरी स्थानीय स्तरमा नै सेवा प्रवाहको व्यवस्था मिलाइनेछ।
२१. अनलाइन सेवा प्रवाह प्रणालीलाई क्रमस विस्तार गर्दै लगिनेछ ।
२२. सार्वजनिक निर्माण भवन संहिता र अपाङ्गता मैत्री बनाइनेछ ।
२३. समावेशी र सन्तुलित विकासको माध्यमद्वारा विभेदमुक्त समाज निर्माण गरिनेछ ।
२४. गरिबी निवारणकालागि सञ्चालित कार्यक्रमहरूलाई एकीकृत गरी वास्तविक गरिबहरूको पहिचान र सङ्ख्या घटाउने नीति अवलम्बन गरिनेछ ।
२५. गाउँपालिकाको आन्तरिक स्रोत सङ्कलनमा सार्वजनिक निजी साझेदारी अन्तर्गत गरिएको सहकार्यलाई अझ व्यवस्थित र प्रभावकारी गराइनेछ।
२६. समाजमा पछाडि परेका लक्षित वर्गकालागि अनुदान रकम र आन्तरिक स्रोत तर्फको निश्चित बजेट लक्षित वर्गकालागि प्रत्यक्ष फाइदा पुग्ने कार्यक्रममा विनियोजन गरिनेछ ।
२७. सुशासन, पारदर्शिता, लैङ्गिक सशक्तीकरण, सामाजिक सुरक्षा, आयमूलक, सीपमूलक कार्यक्रमलाई ध्यान दिई कार्यक्रम निर्माण गरिनेछ ।
२८. समावेशी सामाजिक संरचनाका माध्यमबाट गाउँपालिकामा पारस्परिक सद्भाव र एकताको भावना विकास गरिनेछ ।

## परिच्छेद तीनः कानुनी नीतिगत व्यवस्था

देशको सर्वोच्च कानुन संविधान भएकोले स्थानीय तह गठन सम्वन्धी संवैधानिक व्यवस्था, संविधान बमोजिम प्राप्त अधिकार, हालै जारी गरिएको स्थानीय तह सञ्चालन आदेशमा उल्लेखित विभिन्न तहको काम, कर्तव्य तथा अधिकारहरू तथा गाउँपालिकाको नयाँ तह कायम अगाडी सम्पन्न गाउँ सभाबाट स्वीकृत नीतिहरूको पुनरावलोकनको आधारमा नै स्थानीय तहको सञ्चालनका देखिएका कठिनाई तथा समस्याहरूको क्षमता विकासको विश्लेषण गरीएको छ। स्थानीय स्वायत्त शासन ऐन, २०५५ र स्थानीय तह श्रोत परिचालन कार्यविधि, २०६९ नयाँ स्थानीय तह कार्यान्वयनमा आए पछि यसको कानूनी औचित्य सकिए पनि यी स्थानीय तह सबलीकरणको आधारभूत मार्गदर्शक दस्तावेज भएकोले यस्का कतिपय प्रावधानले क्षमता विकासको क्षेत्र पहिल्याउन सघाउ पुग्ने भएकोले सान्दर्भिकताको दृष्टिले उल्लेख गरिएको छ ।

### ३.१ नेपालको संविधान

ऐतिहासिक संविधान सभाले २०७२ असोज ३ गते नेपालको संविधान जारी गरे सँगै मुलुकले संघीय गणतन्त्रात्मक शासन व्यवस्था अंगीकार गरेको छ । यस अनुसार ३ तहको सरकार गठन भएको छ । संविधानले राज्यशक्तिको प्रयोग सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहको संरचनाबाट हुने व्यवस्था गरी छुट्टाछुट्टै एवम् साझा अधिकारहरू निर्धारण गरेको छ ।

नेपालको संविधानको भाग १७ मा (धारा २१४ देखि २२० सम्म) स्थानीय कार्यपालिका सम्वन्धी व्यवस्था, भाग १८ मा (धारा २२१ देखि २२७ सम्म) स्थानीय व्यवस्थापिका सम्वन्धी व्यवस्था र भाग १९ मा (धारा २२८ देखि २३० सम्म) स्थानीय आर्थिक कार्यप्रणाली सम्वन्धी व्यवस्था गरिएको छ। त्यस्तै संविधानको भाग २० को धारा २३२ मा संघ, प्रदेश र स्थानीय तह वीचको सम्वन्ध र धारा २३५ मा संघ,प्रदेश र स्थानीय तह बीचको समन्वय सम्वन्धी संवैधानिक व्यवस्था गरिएको छ। नेपालको संविधानको धारा २१६ र धारा २२३ मा गाउँ कार्यपालिका र गाउँ सभा गठन सम्वन्धी व्यवस्था देहाय बमोजिम रहेको छ।

**धारा २१६-** गाउँ कार्यपालिका अध्यक्ष र उपाध्यक्ष सम्बन्धी व्यवस्थाः

- ✓ प्रत्येक गाउँपालिकामा एकजना गाउँ कार्यपालिका अध्यक्ष रहनेछ। निजको अध्यक्षतामा गाउँ कार्यपालिका गठन हुनेछ।
- ✓ उपधारा(१) बमोजिमको गाउँ कार्यपालिकामा एक जना उपाध्यक्ष, प्रत्येक वडाबाट निर्वाचित वडा अध्यक्ष र उपधारा (४) बमोजिम निर्वाचित सदस्य रहनेछन्।
- ✓ अध्यक्ष र उपाध्यक्षको निर्वाचन सम्बन्धित गाउँपालिका क्षेत्रभित्रका मतदाताले एक व्यक्ति एक मतको आधारमा गोप्य मतदानद्वारा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम गर्ने छन्।

**धारा २१८-** अनुसार गाँउ कार्यपालिका र गाउँ कार्यपालिकाबाट स्वीकृत नियमावली बमोजिम गाँउ कार्यपालिका र गाउँ कार्यपालिकाको कार्य विभाजन र कार्य सम्पादन हुने व्यवस्था गरिएको छ।

**धारा २२३-** गाउँसभाको गठनः

- ✓ प्रत्येक गाउँपालिकामा एक गाउँसभा रहनेछ।

- ✓ उपधारा (१) बमोजिमको गाउँसभामा गाउँ कार्यपालिकाका अध्यक्ष र उपाध्यक्ष, वडा अध्यक्ष र प्रत्येक वडाबाट निर्वाचित चारजना सदस्य र धारा २१६ को उपधारा (४) बमोजिम दलित वा अल्पसंख्यक समुदायबाट निर्वाचित गाउँ कार्यपालिकाका सदस्य रहनेछन्।
- ✓ उपधारा (१) बमोजिम गठन हुने गाउँसभामा प्रत्येक वडाबाट कम्तीमा दुईजना महिलाको प्रतिनिधित्व हुनेछ।
- ✓ संघीय कानुन बमोजिम गाउँपालिकामा रहने प्रत्येक वडामा वडा अध्यक्ष र चारजना सदस्यहरू रहेको वडा समिति गठन हुनेछ। त्यस्तो वडा अध्यक्ष र वडा सदस्यको निर्वाचन पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुनेछ।
- ✓ अठार वर्ष उमेर पूरा भएको गाउँपालिकाको मतदाता नामावलीमा नाम समावेश भएको व्यक्तिलाई संघीय कानुन बमोजिम मतदान गर्ने अधिकार हुनेछ।

त्यस्तै **संविधानको अनुसूची ८** मा स्थानीय तहको अधिकारको सूची र **अनुसूची ९ मा** संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची मार्फत प्रत्येक इकाईको अधिकार क्षेत्रहरू स्पष्ट गरिएको छ तथा स्थानीय तहलाई अधिकार सहित साधन श्रोतको सुनिश्चितता गरिएको छ। यी संवैधानिक व्यवस्थाहरूबाट सरकारलाई जनताको नजिक पुऱ्याई शक्ति र स्रोतमाथि नागरिकको पहुँच स्थापित गर्न र विकास तथा सेवा प्रवाहमा स्थानीय सहभागिता र स्वामित्व कायम हुने अवस्था सिर्जनाको स्पष्ट कानूनी आधार तयार भएको छ। यसबाट जनतालाई वास्तविक रूपमै सार्वभौमसत्ता सम्पन्न तुल्याई शासनमा उनीहरूको अर्थपूर्ण सहभागिताको सुनिश्चित गर्दै, अब कार्यमूलक स्थानीय सरकारको रुपमा स्थापित हुन सक्ने स्पष्ट आधारहरू खडा भएका छन् ।

### ३.२ स्थानीय स्वायत्त शासन ऐन, २०५५

२०५६ बैसाख १६ गते स्थानीय तहहरूको सञ्चालन तथा व्यवस्थापनको लागि जारी भएको स्थानीय शासन ऐन, २०५५ जो पहिलो पल्ट एकीकृत ऐनको रुपमा जारी गरीयो सो ऐन बमोजिम स्थानीय स्वायत्त शासनका नीतिहरू देहाय अनुसार रहेका छन्।

क) स्थानीय स्वायत्त शासनमा स्थानीय निकायहरूलाई सक्षम र प्रभावकारी बनाउन आवश्यक पर्ने अधिकार, जिम्मेवारी र स्रोत साधन निक्षपेण गर्ने ।

ख) स्थानीय निकायमा स्थानीय जनताको लागि सोच्ने र जवाफदेही वहन गर्न सक्ने संस्थागत सयंन्त्र र कायर्गत संरचनाको निर्माण गरी विकास गर्ने ।

ग) स्थानीय निकायहरूलाई सुम्पिएका काम, कर्तव्य र जिम्मेवारीहरू र जवाफदेही वहन गर्नकालागि आवश्यक पर्ने स्रोत साधनहरू सकंलन र परिचालन गर्ने अधिकार सुम्पने।

घ) स्थानीय निकायहरूलाई निक्षेपित कार्य गर्दा प्रजातान्त्रिक प्रक्रिया, पारदर्शी व्यवहार, जनउत्तरदायित्व र जनताको सहभागितामा आधारित नागरिक समाजको स्थापना गर्नेतर्फ उन्मुख गराउने।

ङ) स्थानीय नेतृत्वको विकास गर्नको निम्ति स्थानीय निकायलाई आफ्नो क्षेत्रमा जनता प्रती उत्तरदायी बनाउन प्रभावकारी सयंन्त्रको व्यवस्था गर्ने।

च) दिगो विकासको लागि आधारित सेवा प्रदान गर्ने कार्यमा स्थानीय स्वायत्त शासनमा निजी क्षेत्रलाई सहभागी हुन प्रोत्साहित गर्ने।

### ३.३ स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९

जनप्रतिनिधी विहिन अवस्थामा स्थानीय निकायहरूमा जाने विभिन्न किसिमका श्रोतसाधनहरूको समुचित प्रयोग र एकरुपता ल्याउन कार्य मार्गदर्शनको रुपमा जारी यस कार्यविधिमा व्यवस्था भए अनुसार स्थानीय निकायहरूको क्षमता विकास कार्यक्रम तजुमा गर्नका क्षमता विकास खर्च शीर्षकबाट क्षमता विकास कार्यविधि,२०६६ को परिधिभित्र रही देहाय बमोजिमका क्रियाकलापहरू स्वीकृत गराई सञ्चालन गर्न सकिनेछ भन्ने उल्लेख गरिएको बमोजिम क्षमता विकासका लागि देहाय अनुसार क्रियाकलाप सञ्चालन गर्न बजेट सकिने व्यवस्था गरिएको छ।

(क) स्थानीय निकायको विनियम, निर्देशिका, बुलेटिन, आवधिक/विषयगत योजना तयारी एवम् अत्यावश्यक अध्ययन।

(ख) स्थानीय निकायको सङ्गठन संरचनाको अध्ययन, कार्यजिम्मेवारी किटान सम्बन्धी कार्यहरू।

(ग) स्थानीय निकायको कार्यालयमा कार्यरत कर्मचारी, विषयगत कार्यालयका कर्मचारी, विभिन्न समिति एवम् संयन्त्रको तालिम, अवलोकन भ्रमण ।

(घ) स्थानीय निकायसँग प्रत्यक्ष सरोकार राख्ने गैरसरकारी सस्था, निजी क्षेत्र, टोल विकास संस्था एवम् समुदायमा आधारित संस्था, उपभोक्ता समितिको क्षमता विकास सम्बन्धी क्रियाकल।

(ङ) स्थानीय निकायको आन्तरिक आय तथा स्रोतहरूको पहिचान, सम्भाव्यता अध्ययन, सङ्कलन तथा व्यवस्थापन कार्य।

(च) सामाजिक परिचालनमा संलग्न सामाजिक परिचालक, उत्प्रेरकहरूको क्षमता विकास।

(छ) गाउँ तथा जिल्लाभित्र बसोबास गर्ने महिला, बालबालिका, दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम, पिछडा वर्ग, मुक्त कमैया, मुक्त हलिया, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, वैदेशिक रोजगारको क्रममा पीडित विपन्न परिवार, आर्थिक एवम् सामाजिक रूपले विपन्न वर्गसम्बन्धी गाउँ तथा जिल्ला स्तरीय संजाल, बालक्लवको क्षमता विकास तथा सीप विकाससम्बन्धी क्रियाकलाप।

(ज) स्थानीय निकायको क्षमता वृद्धिका लागि प्रयोग हुने भौतिक सामग्री, उपकरण आदि खरीद, जडान र व्यवस्थापन।

(झ) क्षमता विकास कार्यविधि, २०६६ को आधारमा स्थानीय निकायको क्षमता विकास सम्बन्धमा पहिचान गरिएका अन्य क्षेत्रहरू ।

(ञ) पारदर्शिता तथा उत्तरदायित्व कायम गर्न सञ्चालन गर्ने क्रियाकलापहरू (सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण) एवम् दस्तावेजहरूको तयारी।

(ट) मानव संसाधन विकास केन्द्र र सूचना तथा अभिलेख केन्द्र व्यवस्थापन।

(ठ) गाउँ तथा जिल्लामा विद्युतीय शासन प्रर्वद्धन, विकास र सूचना तथा सञ्चार प्रविधिको संस्थागत व्यवस्था, प्राविधिक परामर्श, विशेषज्ञहरूको पारिश्रमिक, सेवा प्रदायकहरूको सूचीकरण र परिचालन।

(ड) न्यूनतम शर्त तथा कार्यसम्पादन मापनका सूचकहरूले माग गरेका क्षेत्रहरू पूरा गर्न सञ्चालन गरिने क्षमता विकासका कार्यक्रमहरू।

(ढ) स्थानीय निकायको विकास निर्माण एवम् सेवा प्रवाहसँग सम्बन्धित विषयमा विषयगत कार्यालय, नागरिक समाज, निजी क्षेत्रसँग गरिने अन्तरक्रिया एवम् समन्वय कार्यक्रम।

# परिच्छेद चारः गाउँपालिकाको स्रोत साधन उपलब्धता

## ४ १.भौतिक सम्पत्ति

बर्तमान अवस्थामा चुमनुव्री गाउँ कार्यपालिकाको कार्यालय सिर्दिबासमा रहेको छ । दोस्रो स्थानीय तहको निर्वाचन पश्चात व्यवस्थापन गर्न परेको र संरचनाको हिसावले धैरे कर्मचारीहरू शाखा र उपशाखा रहने भएकोले विविध पक्षहरूलाई समेट्नु परेकाले बिभिन्न किसिमका समस्याहरू छन् । जेष्ठनागरिक तथा अपाङ्गता भएका ब्यक्तिहरूले सेवा लिनु पर्ने शाखाहरू समेत अपाङ्गमैत्री नभएको अवस्था छ । यस गाउँपालिका कार्यालयकोलागि कार्य वातावरण र उपयुक्त कार्यकक्ष व्यवस्थापन सहितको सुविधा सम्पन्न आधुनिक भवन निर्माणको प्रकृया अघि बढेको छ । गाउँपालिकाका ७ वटा वडा मध्ये वडा नं. १, २, ४, ५, ६ र ७ का वडा कार्यालयको भवन रहेको र वडा नं. ३ को भवन निर्माणको चरणमा रहेको छ । गाउँपालिकाको स्वामित्वमा रहेको सम्पतिको विवरण यस प्रकार रहेको छः

| क्र.सं. | स्वामित्वमा रहेको सम्पत्ति | संख्या | कैफियत |
|---|---|---|---|
| १. | भवन/जग्गा | ७ वटा/७ रोपनी | |
| २. | जिप | ० | |
| ३. | एम्बुलेन्स | ० | |
| ४. | जेसीभि (व्याक हो लोडर) | १ | |
| ५. | ट्र्याक्टर | ० | |
| ६. | मोटरसाईकल | १ | |
| ७. | कम्पूटर /ल्यापटप | ३० | |
| ८. | प्रिन्टर | २० | |
| ९. | फोटोकपि मेशिन | २ | |
| १०. | दराज | २५ | |
| ११. | टिटेबल– | २७ | |
| १२. | टेबल /कुर्ची/ शोफा | ४५ | |

गाउँपालिका तथा वडा कार्यालयहरूमा बिजुली बत्ती, पानीको उपलब्धता रहको छ । इन्टरनेट सुविधा विस्तार भएकाले वडास्तरबाट समेत अनलाइन सेवा प्रवाह हुने गरेको भएता पनि राम्रो क्षमताको इन्टरनेट सुविधा विस्तार नभएकाले समय समयमा समस्या उत्पन्न हुँदा गाउँपालिकाले दिनुपर्ने अनलाइन सेवाहरू प्रभावकारी हुन सकेका छैनन् ।

## ४.२ मानव संसाधनको उपलब्धता र क्षमता

गाउँपालिकाको दोस्रो स्थानीय निर्वाचन २०७९ वैशाख ३० गते सम्पन्न भई हाल सोही निर्वाचित जनप्रतिनिधिहरू मार्फत् गाउँपालिकाको कार्य संचालन भएको छ । यस गाउँपालिकामा रहेका ७ वटा वडामा निर्वाचित तथा मनोनित सदस्यहरू सहित जम्मा ३५ जना गाउँसभा सदस्यहरू रहेका छन् ।

त्यसैगरी गाउँ कार्यपालिकाको दैनिक कार्यसम्पादनका लागि विभिन्न विषयगत क्षमता सहित अधिकृत तथा सहायक कर्मचारी कार्यरत छन् । दरबन्दी गत दृष्टिकोणबाट हेर्दा वर्तमान अवस्थामा यस कार्यालयमा नेपाल सरकारका निजामती सेवाका कर्मचारी, स्थानीय सेवाका कर्मचारी (स्थायी, करार, ज्यालादारी) र दरबन्दी

बाहेकका कर्मचारीहरू रहेका छन् । हाल विद्यमान कर्मचारी दरबन्दी एवं करारमा रहेका कर्मचारीहरूको पद र सङ्ख्या सम्बन्धी विवरण अनुसूची ८.२ मा प्रस्तुत गरिएको छ ।

गाउँपालिकाको कर्मचारी दरबन्दी हेर्दा प्राविधिक र अप्राविधिक दुवै प्रकृतिका कर्मचारीहरूको दरबन्दी यस कार्यालयमा रहेका छन् । छैठौं तह र सोभन्दा माथिका दरबन्दीहरू अधिकृत स्तरका, ४ तहदेखि ५ तहसम्मका सहायक स्तरका दरबन्दी र हेभी सवारी चालक, हलुका सवारी चालक र कार्यालय सहयोगीका पदहरूलाई तहविहिन पद भनिएको छ । शाखा प्रमुखमा अधिकृत ६, ७/८ का पदहरू रहन सक्ने व्यवस्था गरिएको छ ।

विद्यमान दरबन्दी अन्तर्गत स्वास्थ्य सेवाका बाहेक अधिकृत स्तरका ४, सहायक स्तरका १४ समेत ५० जना कार्यरत देखिन्छ भने तहविहिन १८ गरी कूल ७२ कर्मचारी विद्यमान रहेको छ । विद्यमान स्विकृत दरबन्दीमा व्यवस्था नभएता पनि रोजगार संयोजक तथा सुचना प्रविधि अधिकृत करारमा कार्यरत रहेको पाइयो ।

हालसालै स्थानीय तहमा कर्मचारी दरबन्दीहरू समायोजन भएको र यस गाउँ कार्यपालिकाको कार्यालयमा अझैसम्म सबै पदहरूको सङ्ख्या स्पष्ट हुन नसकेको व्यहोरा यस कार्यालयको प्रशासन शाखाबाट जानकारी हुन आएको छ । नेपालको संविधानबाट स्थानीय तहको लागि निर्दिष्ट अधिकार, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको लागि तोकेको काम, कर्तव्य र अधिकार तथा वदलिँदो शासकीय स्वरुप अनुसार स्थानीय तहप्रतिको नागरिकको अपेक्षा एवं परिवर्तित शासकीय स्वरुपलाई व्यवस्थित गर्न आवश्यक साधन/स्रोत र सोको व्यवस्थानको लागि विद्यमान जनशक्ति पर्याप्त देखिँदैन । यस सन्दर्भमा सङ्ख्यात्मक एवं गुणात्मक रुपमा बढोत्तरी गर्नु जरुरी देखिन्छ ।

गाउँपालिकामा विभिन्न प्रकृतिका (संघीय सरकारबाट खटिने कर्मचारीहरू, स्थानीय सेवाका स्थायी र करार/ज्यालादारी (डोर हाजिरी) कर्मचारीहरू एवं समायोजन भई आएका) कर्मचारीहरू रहेका र कतिपय कर्मचारीहरूमा स्थानीय तहको कार्यक्षेत्र र यस तहबाट प्रदान गरिने सेवाप्रति सम्वेदनशील हुनुपर्ने देखिन्छ भने उनीहरूमा कार्य उत्प्रेरणा र मनोवलको स्तर पनि पर्याप्त मात्रामा नरहेको अनुभूति गर्न सकिन्छ । स्थानीय तहमा समायोजन भइ आएका कार्यालय र दरबन्दीको लागि अनुकूल हुने कार्यालय भवन, फर्निचर तथा अन्य उपकरणहरूको समेत अभाव भएको देखिन्छ ।

स्पष्ट कार्यविवरण, सङ्गठनको व्यवसायिक योजना एवं आवधिक योजनाको अभावमा कर्मचारीहरू बीच जिम्मेवारीको वितरण सन्तुलित किसिमले हुन सकेको देखिँदैन । कुनै कर्मचारीले अत्यन्त बोझिलो कार्यभार सम्हाल्नु परिरहेको अवस्था छ भने कुनै कर्मचारीले स्पष्ट जिम्मेवारी पाउन सकेका छैनन् । विद्यमान कर्मचारीहरू मध्ये के कति तालिम प्राप्त छन् र के कतिले तालिम पाउन सकेका छैनन् तथा निकट भविष्यमा कुन कर्मचारीलाई कस्तो तालिमको आवश्यकता छ भन्ने कुराको पनि एकीन भएको पाइँदैन । समग्रमा भन्नु पर्दा कर्मचारी विकास योजनाको अभाव देखिन्छ । यसर्थ पदगत आवश्यकतानुरुप तालिम/प्रशिक्षण/जनशक्ति विकासको पर्याप्त व्यवस्था गरिनु पनि उत्तिकै आवश्यक देखिन्छ ।

गाउँपालिकाको सबै वडा कार्यालयहरूमा अत्यावश्यक उपकरणहरू जस्तैः कम्प्युटर, ल्यापटप, प्रिन्टर एवं प्राविधिकहरूले प्रयोग गर्ने विभिन्न सामग्रीहरू रहेको देखिन्छ साथै सबै वडा कर्यालयहरूमा नागरिक बडापत्र रहेको पाइयो । अध्ययनका क्रममा गाउँपालिकाका कर्मचारीहरूको बृत्ति विकासमा देहाय बमोजिमको चुनौती रहेको पाइयोः

- यस गाउँपालिकाले हालसम्म आफ्नो संस्थागत क्षमता विकासको लागि एकीकृत कार्ययोजना तर्जुमाको पहल गरेको देखिएन । विगत ५ वर्षको गाउँ सभाबाट पारित बजेट तथा कार्यक्रम अध्ययन गर्दा जनशक्तिको क्षमता विकासको लागि अलग कार्यक्रम र बजेटको व्यवस्था गरेको देखिएन ।
- कर्मचारीको पदपूर्ति हुन नसक्दा एकै जना कर्मचारीले कार्यपालिकाका दुई भन्दा बढी शाखाका साथै २ वटा वडा सचिवको जिम्मेवारी बहन गरिरहेको देखिन्छ ।
- विभिन्न पद तथा श्रेणीमा कार्यरत कर्मचारीहरूको लागि कार्यविवरणमा उल्लेखित कार्य सम्पादनमा सहयोग पुग्ने खालका तालिम कार्यक्रमहरू गाउँसभाबाट अलग कार्यक्रमका रुपमा स्वीकृत गरी सञ्चालन भएको देखिएन ।
- केही अधिकृत तथा शाखाका जिम्मेवार कर्मचारीले राष्ट्रियस्तरमा विभिन्न तालिम तथा अध्ययन भ्रमणमा सहभागी हुने अवसर प्राप्त हुने गरेको भए पनि कर्मचारीले त्यस्तो अवसरलाई पूर्ण रूपमा कार्य सम्पादनमा उपयोग गर्न नसकेको देखिन्छ ।
- समग्रमा कर्मचारीहरूको मूल्याङ्कन बस्तुपरक र यथार्थताका आधारमा हुने नगरेकोले काम प्रति समर्पित र कामै नगर्नेका बिचमा फरक हुन नसक्दा पुरस्कार र दण्ड प्रणाली प्रभावकारी हुन सकेको छैन । कर्मचारीहरूलाई कामप्रति प्रोत्साहित तथा समर्पित हुन उत्प्रेरणा जगाउने प्रत्यक्ष तथा अप्रत्यक्ष कार्यक्रमहरूको अभाव रहेको छ । कर्मचारीले जुन पदको नियुक्ति पाउछन् सो पदमा रहि सम्पादन गर्नु पर्ने कार्य जिम्मेवारीका विषयमा कुनै पनि आधारभूत प्रशिक्षण वा अभिमुखीकरण विना आफैले सिकेर जानेर काम गर्नुपर्ने विद्यमान परिपाटीको कारण कर्मचारीलाई विषयवस्तुको पर्याप्त ज्ञान नहुने कारण दक्षता र सीप प्रभावकारी हुन सकेको पाइदैन ।
- विषय वस्तुको ज्ञान र विज्ञतासँग कार्यसम्पादनको तालमेल रहेको छैन । प्रायः सहायक कर्मचारीहरूले तोकिए अनुसार जुनसुकै शाखा वा जुनसुकै वडा कार्यालय रहि काम गर्नु पर्ने कारण सबै कर्मचारी सबै क्षेत्रको ज्ञाता हुनु पर्ने अवस्था विद्यमान रहेको देखिन्छ ।
- गाउँपालिकामा स्थानीय तहलाई तोकिएको जिम्मेवारी बहन गर्न सक्ने जनशक्तिको अभाव टड्कारो रुपमा खटकिएको छ । स्थानीय तहले स्थानीय सरकारको हैसियतमा काम गर्नु पर्ने जिम्मेवारी निर्वाह गर्न सो अनुरुप जनशक्ति योजना हुन सकेको छैन ।

### ४.३ संस्थागत स्वमुल्याङ्नको अवस्था

स्थानीय तहको कार्यप्रकृया र उपलव्धिहरूको बारेमा लेखाजोखा गरी सवल र दुर्लव पक्षहरूको पहिचान गर्न, विकास तथा सुशासनमा रहेका कमी कमजोरीहरूको जानकारी लिन, आवधिक समीक्षाको लागि आधार प्राप्त गर्न र स्थानीय तहको बीचमा तुलनायोग्य सूचकहरू तर्जुमा गरी प्रतिस्पर्धात्मक सुधारमा अग्रसर गराई स्थानीय तहलाई सक्षम र प्रभावकारी वनाउने उद्धेश्यले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्न कार्यविधी, २०७७ तर्जुमा गरेको छ । यहि कार्यविधि अनुसार यस गाउँपालिकाको आ.व. २०७८/०७९ स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्न गरिएको थियो । यस स्वमूल्याङ्न अनुसार गाउँपालिकाले ५७.२५ प्रतिशत औसत अंकभार प्राप्त गरेको छ ।

स्वमुल्याङ्नका विषयहरू मध्ये शासकीय प्रवन्धको स्कोर प्रतिशत ८३.३३ र क्रमशः संगठन तथा प्रशासनको ७५ प्रतिशत, वार्षिक वजेट तथा योजना व्यवस्थापनको ४०.९१ प्रतिशत, वित्तिय एवं आर्थिक व्यवस्थापनको

६३.६४ प्रतिशत, सेवा प्रवाहको ६०.९४ प्रतिशत, न्यायिक कार्यसम्पादनको ७१.४३ प्रतिशत, भौतिक पुर्वाधारको ३८.४६ प्रतिशत, सामाजिका समावेशिकरणको ७० प्रतिशत, वातावरण संरक्षण तथा विपद व्यवस्थापनको ४४.४४ प्रतिशत र सहकार्य तथा समन्वयको २५ प्रतिशत स्कोर रहेको छ ।




गाउँपालिकाले प्राप्त नतिजाको विश्लेषणका आधारमा सहकार्य र समन्वय तथा भौतिक पूर्वाधार मा निकै कमजोर देखिन्छ । त्यसैगरी, वार्षिक बजेट तथा योजना व्यवस्थापन एवं वातावरण संरक्षण तथा विपद् लगायतका क्षेत्रको स्कोर प्रतिशत अन्य क्षेत्रको तुलनामा कमजोर देखिएबाट यि विषय क्षेत्रहरूलाई प्रभावकारी बनाउन र संगठनको संस्थागत विकासको लागि क्षमता विकास योजनाको कार्यान्वयनको आवश्यकता देखिन्छ ।



## परिच्छेद पाँचः क्षमता विकासका रणनीतिहरू

गाउँ कार्यपालिकाको कार्यालय एवं वडा कार्यालयहरूबाट सेवाग्राहीको माग अनुसार प्रदान गरिँदै आएका सेवाहरू, आर्थिक, सामाजिक एवं भौतिक पूर्वाधारसँग सम्बन्धीत विकास कार्यक्रमहरू र समुदाय स्तरको क्षमता विकास योजना संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट जारी क्षमता विकास कार्यविधि, २०६६ का आधारमा तयार गरिएको एकीकृत क्षमता विकास कार्ययोजनाका रणनीतिहरू देहाय बमोजिम रहने छन् ।

१. क्षमता विकास योजनाको माध्यमले स्थानीय स्वशासन, स्थानीय विकास तथा सेवा प्रवाहसँग सम्बन्धित गाउँ कार्यपालिका कार्यालय, वडा कार्यालय, कर्मचारीहरू तथा सरोकारवालाहरूको संस्थागत विकास, मानव संशाधन, आर्थिक व्यवस्थापन, प्रविधि र कार्यमूलमक सम्बन्ध विकास तथा कार्य वातावरणमा सकारात्मक परिवेश विकास गर्ने ।
२. क्षमता विकासको लागि मागमा र आपूर्तिमा आधारित कार्यक्रमहरू समावेश गरिएको छ । मागमा आधारित क्षमता विकासका कार्यक्रमहरू कर्मचारीहरूसँगको अन्तरक्रिया र छलफलमा आधारित रहि सरोकारवालाहरूको बिद्यमान क्षमता विकास स्थिति लेखाजोखा तथा आवश्यकतामा आधारित छन् भने आपूर्तिमा आधारित क्षमता विकासका कार्यक्रमहरू गाउँपालिका गठनपछि कार्यसम्पादनमा देखिएको कमि कमजोरी सुधार गर्ने ।
३. क्षमता विकास योजना तर्जुमा गर्दा लैंगिक तथा सामाजिक समावेशिकरणको बुझाई र कार्यसम्पादनमा सुधारको अपेक्षा गरिएकोले मन्त्रालयबाट जारी निर्देशिकाले परिलक्षित गरे अनुसार क्षमता विकास योजना पुरकको रुपमा प्रयोग गरिने ।
४. गाउँपालिकाले आफ्नो गाउँ क्षेत्र भित्र पर्नेका उपभोक्ता समिति, टोल विकास संस्था, वडा नागरिक मञ्च जस्ता सामुदायमा आधारित संस्था, नागरिक समाज तथा निजी सेवा प्रदायकहरूको क्षमता विकास स्थिति लेखाजोखा तथा आवश्यकता पहिचान गरी क्षमता विकास सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक सहयोग, साझेदारी गर्नु पर्ने ।
५. स्थानीय सेवा प्रवाहमा सेवा प्रदायकको भूमिका बृद्धि गरिने तथा विकास कार्यक्रमहरूको कार्यान्वयनमा उपभोक्ता समिति, सामुदायिक संस्था तथा गैससको परिचालनलाई प्राथमिकता तथा विशेष जोड दिने ।
६. क्षमता विकास कार्ययोजना कार्यान्वयनको प्रगति प्रतिवेदन प्रादेशिक सरकार स्थापना भए पछि तोकिएको निकायमा र सो नभएसम्म संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय जनशक्ति विकास शाखामा चौमासिक र वार्षिक रुपमा पेश गर्नु पर्ने ।

### ५.१ मागमा आधारित क्षमता विकास रणनीति

१. स्पष्ट जिम्मेवारी तोक्ने र मापदण्ड सहित कार्यान्वयनको अनुगमन र मूल्याङ्कन गर्ने,
२. गाउँपालिकाबाट प्रवाह हुने सेवाहरूको स्पष्ट, समयबद्ध र कति दिनमा के के हुने खाका सार्वजनिक गर्ने र तद्रुसार नभएमा कारणसहित स्पष्टीकरण दिनुपर्ने परिपाटीको विकास गर्ने,
३. गाउँपालिकाको कर्मचारी संरचनालाई समावेशी वनाउन नियुक्ति, जिम्मेवारी बाँडफाँड, लैङ्गिक, जातीय, वर्गीय, क्षेत्रीय समावेशीकरणको मान्यतालाई कडाइकासाथ लागू गर्ने,

४. गाउँपालिका र वडास्तरका विकास निर्माणका क्रियाकलापहरूमा समावेसी ढाँचा र सहभागितामूलक पद्धति अवलम्बन गर्ने, योजना छनौट, कार्यान्वयन, व्यवस्थापन, अनुगमन, मूल्याङ्कनका संयन्त्रहरूमा महिलाको सहभागिता कम्तिमा ३३ प्रतिशत, सीमान्तकृत वर्गको २० प्रतिशत सहभागिता सुनिश्चित गर्ने,
५. गाउँपालिकाका विभिन्न विषयगत शाखाहरूबाट हुने कामहरूको समन्वय गर्ने र सेवा प्रवाहमा एकद्वार प्रणाली लागू गर्ने,
६. प्रत्येक वडा केन्द्र र बजार उन्मुख स्थानमा कम्तिमा एक बैंक स्थापनाको लागि वित्तीय संस्थाहरूसँग पहल गर्ने,
७. गाउँपालिका तथा वडाहरूमा प्रयोग हुने कार्यालय व्यवस्थापन वा कार्यक्रम सञ्चालनका साधनहरू सम्भव भएसम्म स्थानीय साधन/श्रोतमा आधारित गराउँदै लैजाने,
८. विकास निर्माणका काममा संभव भएसम्म स्थानीय श्रोत सामग्रीहरू र जनशक्तिको प्रयोग गर्ने
९. गाउँपालिका क्षेत्रमा क्रियाशील सरकारी तथा गैरसरकारी संस्थाहरूको कार्यक्रमहरूमा समन्वय गर्ने र संस्थागत जिम्मेवारीको परिपाटी बसाउने,
१०. जनतामा प्रवाहित हुने सेवा एकीकृत गर्न हरेक क्रियाकलापमा गाउँपालिका वा वडाको स्वीकृति र समन्वयमा सञ्चालन गर्ने,
११. गाउँपालिका तथा यसका वडाहरू सुविधा सम्पन्न कार्यालय भवनहरू निर्माण गरी तिनीहरूमा अप्टिकल फाइबर जडान गर्न प्रदेशसँग समन्वय गर्ने,
१२. गाउँपालिकाका हरेक विषयगत कार्यालयहरू र वडा कार्यालयहरूको भौतिक विकास तथा जनशक्ति व्यवस्थापन गरी संस्थागत क्षमता बढाउने,
१३. विषयगत कार्यालयहरूमा प्राविधिक जनशक्ति (जस्तै, ईन्जिनियर, स्वास्थ्यकर्मी, पशु चिकित्सक, कृषि विज्ञ, निरीक्षक आदि) को व्यवस्था गर्ने,
१४. कर्मचारीको पेशागत सीप तथा क्षमता अभिवृद्धिका लागि नियमित तालिमहरूको व्यवस्था मिलाउने,

### ५.२ आपुर्तिमा आधारित क्षमता विकास रणनीति

१. गाउँपालिकाबाट सञ्चालन हुने विकास निर्माणका प्रमुख परियोजनाहरूको विवरण भएको सूचना वोर्ड सम्बन्धीत स्थानमा टाँस्ने,
२. विकास निर्माणका आयोजनाहरूको वाँडफाड र वजेट विनियोजन क्षेत्रीय (भेगीय) सन्तुलन कायम गर्ने,
३. सेवा प्रवाहलाई डिजिटल प्रणालीमा रूपान्तरण गर्ने,
४. डिजिटल एप्स मार्फत सूचना दिनेलिने सिफारिस गर्ने साथै कर तथा अन्य शुल्कहरूको भुक्तानी दिनेलिने समेत गर्ने,
५. गाउँपालिका र वडा स्तरमा तथ्याङ्कहरूको आय व्ययको लेखा अभिलेखीकरण डिजिटल एप्स प्रणालीमा ल्याउने,
६. गाउँपालिकामा प्राप्त हुने भुक्तानी कारोवारहरू वैकिङ्ग प्रणाली मार्फत गर्ने व्यवस्था मिलाउने,

७. विकास निर्माणका क्षेत्रमा हुने कारोवार तथा राजश्व सङ्कलन सम्बन्धीत आय तथा भुक्तानी समेत बैकिङ्ग प्रणालीमा आबद्ध गर्ने,

८. जनप्रतिनिधिहरूलाई योजना निर्माण, बजेट निर्माण, लेखा तथा विकास प्रशासन, नेतृत्व विकास र कार्यान्वयनको क्षेत्रहरूमा समयबद्ध अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने,

९. गाउँपालिका तथा वडाहरूका महत्वपूर्ण सार्वजनिक स्थानहरूमा स्वच्छ खानेपानी तथा व्यवस्थित शौचालयहरूको व्यवस्था गर्ने,

१०. गाउँपालिकाका कर्मचारीहरू तथा जनप्रतिनिधिहरूको क्षमता अभिवृद्धिको लागि अवलोकन अध्ययन भ्रमण कार्यक्रम आवश्यकता अनुसार सञ्चालन गर्ने,

११. गाउँपालिकाको केन्द्रमा कर्मचारी आवास गृहका साथै जन प्रतिनिधि तथा अतिथिहरूका लागि सुविधा सम्पन्न अतिथि गृहको निर्माण गर्ने ।

# परिच्छेद छः क्षमता विकास योजना

## ६.१ क्षमता विकास योजनाको अवधारणा

दक्षिण एशियाली मुलुकहरू मध्ये निर्वाचित जनप्रतिनिधिको नेतृत्वमा स्थानीय स्वायत्ततामा आधारित विकेन्द्रीकरणको अभ्यास गर्ने नेपाल अग्रणी देश हो । तर वि.सं.२०४६ सालको राजनीतिक परिवर्तन पछि छिटो छिटो भइरहने सरकार परिवर्तनका कारण उत्पन्न राजनीतिक तरलताको अवस्थामा सरकारी नीतिमा देखिने गरेको अलमल र नेतृत्वको निरन्तरताको अभावमा स्थानीय स्वशासनमा आधारित विकास अवधारणा अलमलिएको अवस्थामा देखिन पुग्यो । वि.सं. २०४९ सालमा गाउँ विकास समिति, नगरपालिका र जिल्ला विकास समितिहरूको वहुदलिय प्रतिस्पर्धाका आधारमा सम्पन्न निर्वाचनबाट प्रत्यक्ष जननिर्वाचित प्रतिनिधिको नेतृत्वमा स्वशासनको अवधारणामा यी निकायहरू सञ्चालनको लागि जिम्मेवारी, अधिकार र श्रोतसाधनको दायरा फराकिलो बनाउँदै लैजाने प्रयासहरू शुरु गरिए । यी स्थानीय निकायहरू स्थानीय प्रजातन्त्रका पहरेदार र स्थानीय विकासका केन्द्रका रुपमा स्थानीय स्वायत्त शासनको अवधारणामा आधारित रहि सञ्चालन गर्ने अभ्यासको शुरुवात गरियो ।

जनप्रतिनिधिमुलक स्थानीय निकायको अभ्यास जम्मा १० वर्ष मात्र रहन सक्यो तर सो पछि निर्वाचित प्रतिनिधिहरूको अनुपस्थितीमा धेरै किसिमका प्रयोगहरू भएपनि त्यसबाट अपेक्षित परिणाम आउन सकेन। वि.सं २०५९ साल पछिको करीव १५ वर्ष सम्मको संक्रमणकालीन अवस्थामा स्थानीय निकायहरू निजामति कर्मचारीहरूको नेतृत्वमा सञ्चालन गरिएको भए पनि संस्थागत रुपमा जे जति परिवर्तन आउन सक्ने कल्पना गरिएको थियो त्यस्तो हुन सकेन ।

ऐतिहासिक संविधानसभाले २०७२ असोज ३ गते नेपालको संविधान जारी गरे सँगै केन्द्रीकृत शासन व्यवस्था अंगालेको राज्य संघीय गणतन्त्रात्मक शासन व्यवस्थामा प्रवेश गरेको छ । संविधान अनुसार शासन व्यवस्था सञ्चालनको लागि ३ तहको सरकार गठन हुने व्यवस्था गरिएको छ । संविधानले राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय गरी तीन तहको संरचनाबाट हुने व्यवस्था गरी छुट्टाछुट्टै एवम् साझा अधिकारहरू निर्धारण गरेको छ ।

नेपालको संविधानको भाग १७ मा (धारा २१४ देखि २२० सम्म) स्थानीय कार्यपालिका सम्वन्धी व्यवस्था, भाग १८ मा (धारा २२१ देखि २२७ सम्म) स्थानीय व्यवस्थापिकता सम्वन्धी व्यवस्था र भाग १९ मा (धारा २२८ देखि २३०सम्म) स्थानीय आर्थिक कार्यप्रणाली सम्वन्धी व्यवस्था गरिएको छ । त्यस्तै संविधानको भाग २० को धारा २३२ मा संघ, प्रदेश र स्थानीय तह बिचको सम्वन्ध र धारा २३५ मा संघ, प्रदेश र स्थानीय तह बिचको समन्वय सम्वन्धी संवैधानिक व्यवस्था गरिएको छ ।

नेपालको संविधानले परिकल्पना गरे बमोजिम नेपाल सरकारले २०७३/११/२७ देखि स्थानीय तह लागू गर्ने घोषणा गरे अनुसार साविकका गाविस समायोजन गरी गाउँपालिका गठन गरिएको छ । यस पृष्ठभूमीमा स्थानीय तहहरूको बदलिएको परिवेशमा प्राप्त जिम्मेवारी पूरा गर्न, भूमीका निर्वाह गर्न र कार्य सम्पादनमा प्रभावकारीता ल्याउन एकीकृत क्षमता विकास योजना तर्जुमा अनिवार्य देखिएको छ ।

विगत केही वर्ष देखि राष्ट्रिय बजेटको आकार बढेसँगै सरकारले गाउँपालिकाहरूलाई प्रदान गर्ने निःशर्त र सशर्त अनुदान रकममा उल्लेख्य वृद्धि हुँदै गएको छ । साथै स्थानीय स्तरमा राजस्व र करबाट सङ्कलन गरीदै आएको आन्तरिक श्रोतको अंकमा समेत उल्लेख्य वृद्धि हुँदै गएको छ । आन्तरिक र वाह्य श्रोतको

आकार गएको फराकिलो हुँदै गएको भएपनि साविकका स्थानीय निकायहरूको कार्य सम्पादन, सेवा प्रवाहमा प्रभावकारी रुपमा सुधार भएको पाइंदैन । यसका साथै भएका साधन श्रोतको पूर्ण परिचालन हुन नसकेको, नयां सिर्जना र थप साधन श्रोत जुटाउन संस्थागत पहल हुन नसकेको लगायतका कारणले गर्दा स्थानीय विकासको गति मन्द भएको र आशातित एवं अपेक्षित उपलब्धीहरू प्राप्त हुन नसकेको यथार्थ अवस्थाको विश्लेषण गरी नयाँ निर्वाचित नेतृत्वबाट संस्थागत सुधारमा आशातीत सफलता मिल्ने विश्वास लिइएको छ ।

विगत एक दशक देखि नेपाल सरकारबाट स्थानीय तहहरूलाई प्रदान हुदै आएका निशर्त र सशर्त अनुदानको आकार बढ्दै गएको र यसरी प्रदान गरिने अनुदान सूत्रमा आधारित प्रणालीबाट वितरण गर्ने नीति कार्यान्वयन गर्न न्यूनतम शर्त तथा कार्य सम्पादन मापनको नतीजालाई आधार लिने गरिएको थियो । नयाँ संवैधानिक व्यवस्था अनुसार प्राप्त अधिकार,कार्य जिम्मेवारी र संरचनामा स्थानीय तहहरूले आफ्नो समग्र कार्यसम्पादन र सेवा प्रवाहमा जनअपेक्षा अनुसार परिवर्तन ल्याउन आफ्नो संस्थागत क्षमता विकास कार्यक्रममा जोड दिनु आवश्यक छ । क्षमता विकास कार्यक्रम गाउँ क्षेत्रमा उपलव्ध सबै किसिमका र सबै तहका मानव संसाधन परिचालनको मूल आधार हो । योग्य, सक्षम र दक्ष मानव संसाधनको माध्यमबाट मात्र उपलप्ध साधन श्रोतको सदुपयोग गर्न र कार्य प्रभावकारी बनाउन सकिन्छ ।

स्थानीय सेवा प्रवाह प्रभावकारी बनाई र स्थानीय विकास प्रयासलाई समावेशी, सहभागितात्मक र समतामूलक बनाउन स्थानीय तहको क्षमता विकास अनिवार्य छ । स्रोत, साधन, अधिकार, दक्षता, क्षमता सहितको सक्षम, सबल र गतीशील स्थानीय तहहरूबाट मात्र जनचाहना प्रतिविम्वित हुने र विकास निर्माण लगायत सेवा प्रवाहको प्रभावकारीबाट स्थानीय सुशासन स्थापना गर्न टेवा पुग्ने विश्वास गर्न सकिन्छ ।

## ६.२ क्षमता विकासका पक्षहरू

### ६.२.१ संरचनागत वा संस्थागत विकास

गाउँपालिकाको सङ्गठन संरचना अनुसार गाउँसभा गाउँपालिकाको सर्वोच्च तहको रूपमा रहेको छ जस प्रति गाउँ कार्यपालिका उत्तरदायी हुने गर्दछ। गाउँसभा अन्तर्गत लेखा समिति, सुशासन समिति तथा आवश्यकता अनुसार अन्य समितिहरू रहने व्यवस्था गरिएको छ । यसैगरी गाउँ कार्यपालिकाको अध्यक्ष कार्यक्षेत्र अन्तर्गत गाउँपालिकाको विकास, पूर्वाधार विकास र वातावरण तथा विपद् व्यवस्थापन जस्ता कार्यहरू रहेका छन् ।

गाउँ कार्यपालिकाको प्रमुखको रुपमा अध्यक्ष र उपप्रमुखको रुपमा गाउँपालिका उपाध्यक्ष (निर्वाचित पदाधिकारी) रहने व्यवस्था गरिएको छ । यसैगरी उपाध्यक्षले न्यायिक समितिको नेतृत्व गर्ने व्यवस्था रहिआएको छ । गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत (सातैं तह) को रुपमा नेपाल सरकारको निजामती सेवाको प्रशासन सेवा, सामान्य प्रशासन समूह अन्तर्गतको राजपत्राङ्कित तृतीय श्रेणीको अधिकृतलाई नेपाल सरकारले खटाउने व्यवस्था गरिएको छ । प्रमुख प्रशासकीय अधिकृत गाउँपालिका अध्यक्ष प्रति उत्तरदायी रहने व्यवस्था छ भने निजले गाउँसभाको सचिवको हैसियतले समेत कार्य गर्ने भएकाले निज गाउँ सभा प्रति समेत उत्तरदायी हुनुपर्ने व्यवस्था रहेको छ । प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष मातहतमा प्रशासन, योजना तथा अनुगमन शाखा, पूर्वाधार विकास शाखा, स्वास्थ्य तथा सामाजिक विकास शाखा, शिक्षा, युवा तथा खेलकुद शाखा, आर्थिक विकास शाखा, आर्थिक प्रशासन शाखा, र आन्तरिक लेखापरीक्षण एकाइको संस्थागत व्यवस्था गरिएको छ ।

यस पालिकामा प्रशासन शाखा, योजना तथा अनुगमन शाखा, आर्थिक प्रशासन तथा राजश्व शाखा, योजना तथा अनुगमन शाखा, कृषि शाखा र पशु शाखा रहेका छन् । प्रशासन शाखा अन्तर्गत जिन्सी व्यवस्थापन तथा दर्ता चलानी इकाई रहेको र यसै शाखाले गाउँपालिका भित्र रहेका ७ वटै वडाहरूसँग समन्वय गर्ने व्यवस्था पनि रहेको छ ।

पूर्वाधार विकास शाखा अन्तर्गत सडक, सिँचाइ तथा अन्य पूर्वाधार विकास उपशाखा, भवन तथा वस्ति विकास उपशाखा र वातावरण तथा विपद् व्यवस्थापन एकाइ रहने व्यवस्था छ । स्वास्थ्य तथा सामाजिक विकास शाखा अन्तर्गत सामाजिक सुरक्षा तथा पञ्जीकरण उपशाखा र महिला बालबालिका र समाज कल्याण उपशाखाको व्यवस्था गरिएको छ । यसैगरी विद्यमान सङ्गठन संरचना अन्तर्गत अध्यक्ष प्रशासकीय अधिकृतको मातहतमा स्वास्थ्य र कृषि/पशु तर्फका तहहरू (प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आयुर्वेद औषधालय, सहरी स्वास्थ्य केन्द्र, कृषि विकास शाखा र पशु सेवा केन्द्र) रहने व्यवस्था भएको देखिन्छ ।

### ६.२.२ संगठनात्मक विकास

गाउँपालिकाको वर्तमान सङ्गठन संरचनाको अध्ययन गर्दा गाउँसभाले गठन गरेका समिति/उप–समितिहरू, अध्यक्ष तथा उप–अध्यक्ष तथा वहाँहरूको सचिवालयलाई सुव्यवस्थित बनाउन र सहयोग गर्नका लागि स्पष्टरुपमा निजी सहायकको व्यवस्था गरेको पाइँदैन । मौजुदा सङ्गठन संरचनामा प्रमुख प्रशासकीय अधिकृतको रेखदेख र नियन्त्रणमा ७ वटा शाखा, ५ वटा इकाई, १ वटा फाँट, ७ वटा वडा कार्यालय र स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र र कृषि/पशुतर्फका तहहरूमा स्वास्थ्य चौकीहरू, कृषि सेवा केन्द्र एवं पशु सेवा केन्द्र रहेका छन् भने यस गाउँपालिका भित्र १ आयुर्वेद औषधालयको व्यवस्था छ ।

गाउँपालिकाको जिम्मेवारी र कार्यक्षेत्र अनुरूप कार्यसम्पादन, समन्वय र सुपरिवेक्षण सुहाउँदो क्षमता विकासको लागि पहल अपर्याप्त रहेको छ । व्यवस्थापन सूचना प्रणाली समय–सापेक्ष ढङ्गले सुदृढ हुन नसकेको कारणबाट सेवा प्रवाहलाई चुस्त र भरपर्दो बनाउन नसकिएको, निर्णय प्रक्रिया छिटो–छरितो हुन नसकेको, संस्थागत स्मरणको अभाव खट्किएको र अभिलेख प्रणाली अद्यावधिक हुन नसकेको तथा सूचना प्रवाह प्रभावकारी बनाउन नसकिएको देखिन्छ । वार्षिक योजना तर्जुमा प्रक्रियालाई अझै बढी सहभागितामूलक बनाउन आवश्यक देखिएको छ । अनुगमन तथा मूल्याङ्कन संयन्त्र/प्रणाली सक्षम बनाइनु पर्ने छ ।

बिषयगत योजनाहरू सञ्चालनको लागि संस्थागत व्यवस्थापनको प्रयास भएता पनि कार्यान्वयन पक्ष अपेक्षित रुपमा प्रभावकारी हुन नसकेको देखिन्छ । समावेशी विकासका प्रयासहरू समय सापेक्षरुपमा पर्याप्त हुन सकेको छैन । आन्तरिक सञ्चार र निर्णय प्रक्रियामा समय सापेक्ष सुधारको आवश्यकता देखिएको र सङ्गठन भित्र व्यवस्थापकीय नेतृत्व विकासका साथै जनशक्ति विकास योजना र सोको कार्यान्वयन जरुरी देखिएको छ ।

### ६.२.३ मानव संसाधनको विकास

संस्थाको क्षमता विकासका लागि आवश्यक संख्यामा सहि क्षमता भएका मानव संशाधन समयमै प्राप्त गर्नुलाई मानव संसाधन व्यवस्था भनिन्छ । गाउँपालिकाको मानव संसाधनमा निर्वाचित पदाधिकारी एवम् निर्दिष्ट भूमिका पूरा गर्न आवश्यक ज्ञान, सीप र धारणा भएका वा हासिल गर्न सक्ने क्षमता भएका कर्मचारीलाई जनाउँछ । यस अन्तर्गत आवश्यक मानव संसाधन प्राप्तिका लागि गरिने कार्यहरू (संगठन तथा व्यवस्थापन

सर्वेक्षण, दरबन्दी निर्धारण, नियुक्ति प्रक्रिया, सरुवा/बढुवा व्यवस्था, जिम्मेवारी निर्धारण, पारिश्रमिक आदि) लाई बुझ्न सकिन्छ ।

यसले संस्थाको भूमिकालाई प्रभावकारी रूपमा सम्पादन गर्न विद्यमान मानव संसाधनको ज्ञान, सीप र धारणा (Knowledge, Skill & Attitude) मा गुणात्मक वृद्धिलाई जनाउँछ । यस अन्तर्गत गाउँपालिकाका भूमिका पूरा गर्न जिम्मेवारीमा रहेका जनशक्तिहरू (निर्वाचित पदाधिकारीहरू, कर्मचारीहरू, गाउँपालिकासँग प्रत्यक्ष संलग्न भई कार्य गर्ने उपभोक्ता समितिका पदाधिकारीहरू, स्वयम्सेवीहरू आदि) को क्षमता विकास पर्दछ । मानव संशाधन क्षमता विकास अन्तर्गत तालिम, अभिमुखीकरण, अनुशिक्षण (Coaching), अध्ययन अवलोकन, अनुभव र सिकाइ आदान–प्रदान जस्ता प्रक्रियालाई क्षमता विकास भनेर बुझ्न सकिन्छ ।

सामान्यतया मानव संशाधन विकास भन्नाले भूमिका पूरा गर्नका लागि व्यक्तिको ज्ञान, सीप र धारणामा सकारात्मक सुधार गर्ने कार्य जस्तै; तालिम, अध्ययन अवलोकन आदिलाई क्षमता विकास भनेर बुझ्ने गरिन्छ । तर क्षमता विकास केवल तालिम, गोष्ठी, अन्तरक्रिया मात्र नभई यो संगठनमा आबद्ध मानिस, संस्थाको आन्तरिक तथा बाह्य व्यवस्थापन, संरचना, विधि, प्रस्तुति जस्ता पक्षहरूसँग सम्बन्धित हुन्छ र यो निरन्तर रूपमा चलिरहने प्रक्रिया हो । संस्थाले प्रभावकारी रूपमा संस्थाको उद्देश्य हासिल गर्नका लागि विद्यमान जनशक्तिको क्षमता विकास निरन्तर गर्दै जानु जरूरी हुन्छ । विद्यमान जनशक्तिको क्षमता विकासको पहिलो कार्य जनशक्तिको विद्यमान क्षमताको मूल्याङ्कन तथा विश्लेषण गरी त्यस अनुरूप क्षमता विकास नीति तथा योजनाको तथा कार्यान्वयन गर्नु हुन्छ ।

### ६.२.४ सूचना प्रविधीको प्रयोग

गाउँपालिकाका सेवा प्रवाहलाई प्रभावकारी बनाउनका लागि सूचना प्रविधिको उपयोग हुने गरेको छ । यसका लागि गाउँपालिकामा सुचना प्रविधि शाखा समेत रहेको छ । गाउँपालिकाले दिनुपर्ने अनलाइन सेवा प्रवाह प्रदान भैरहेको छ । इन्टरनेट क्षमता र विद्युत आपूर्तिमा हुने समस्याका कारण नियमित काम काजमा कठिनाइ रहेका छन् भने वडा कार्यालयबाट प्रदान हुने अनलाइन घटना दर्ता र कम्प्युटरकृत रसिद काट्ने काम समेत प्रभावित हुने गरेको छ।

गाउँपालिकाको आफ्नै बेबसाइट रहेको छ जसका माध्यमबाट गाउँपालिकाका सूचनाहरू, अन्य आवश्यक शाखागत जानकारी तथा गाउँपालिकाले तर्जुमा गरेका ऐन नियम, कार्यविधिहरू प्राप्त गर्न सकिन्छ । गाउँपालिकाले गाउँसभाका निर्णयहरू बेबसाइट मार्फत समेत जानकारी गर्ने गरेको छ । गाउँपालिकाका सूचनाहरू फेसबुक मार्फत पनि सार्वजनिक हुने गरेका छन् । आर्थिक प्रशासन व्यवस्थापनका लागि सुत्र प्रणाली सफ्टवेयर मार्फत काम हुने गरेको छ ।

गाउँपालिकाले डिजिटल सेवालाई प्रभावकारी र छरितो बनाउनका लागि डिजिटल नागरिक बडापत्र र अन्य आवश्यक एप्सहरू प्रयोगमा ल्याउने नितिगत निर्णय गरेको छ ।

### ६.२.५ स्थानीय शासन (अवसर, वाधा, कमजोरी र शक्ती)

यस गाउँपालिकालाई सक्षम सबल र गतिशील गाउँपालिकाको रुपमा अगाडी बढाउन तथा आम गाउँवासीलाई गाउँपालिकाबाट उपलब्ध गराउनु पर्ने सेवा सुबिधाहरू छिटो छरितो एवं प्रभावकारी रुपमा उपलब्ध गराउन देखिएका प्रणालीगत र संस्थागत क्षमतामा देखा परेका मुद्दाहरूको पहिचान निम्न बमोजिम छ ।

- नेपालले संघीय गणतान्त्रिक व्यवस्था अवलम्वन गरी देशलाई ७ प्रदेशमा विभाजित गरी संविधान जारी भए पछि स्थानीय सरकारको रुपमा काम गर्ने  गरी स्थानीय तहको व्यवस्था नेपाल सरकारले कार्यान्वयनमा ल्याए पछि ७५३ स्थानीय तहको गठन पश्चात ७ वटा प्रदेश अन्तर्गतका स्थानीय तहको निर्वाचन भए पछि संस्थागत र संरचनागत रुपमा स्थानीय तह कार्यान्वयनमा आई सकेको छ । गण्डकी प्रदेश अन्तर्गत रहेको यस गाउँपालिकाको दोस्रो स्थानीय निर्वाचनबाट निर्वाचित प्रतिनिधिहरूको टीमले कार्यभार ग्रहण गरी कार्य सञ्चालन गरेको पनि १ वर्ष हुन लागिसकेको अवस्थामा यो गाउँपालिकाको सङ्गठनात्मक, संरचनागत तथा प्रशासनिक सुधारको गति तीव्र बनाई श्रोत परिचालन तथा व्यवस्थापनमा सुधार, आवश्यक थप कानुन, कार्यविधि निर्माण, संस्थागत विकास र अन्य सामयिक विषयहरूमा गाउँपालिकाको ध्यान केन्द्रित गर्नु पर्ने समय आएको छ ।
- नेपाल सरकारबाट मिति २०७४।२।१७ मा जारी स्थानीय तह सञ्चालन आदेश २०७४, विगतमा स्वीकृत कार्यविधिहरू र विभिन्न विनियमाली र निर्देशिकामा उल्लेखित सामाजिक एवं आर्थिक विकासका कार्यहरू सञ्चालन गर्न तथा बर्तमान माग र आवश्यकतालाई सम्वोधन गर्ने गरी सेवा प्रवाह गर्न स्थानीय तहको व्यवस्था लागु भएपनि सो अनुरुप गाउँपालिकाको कानुन,  नियम,  विनियम, कार्यविधि निर्माण हुन सकेको छैन ।
- जसरी राष्ट्र विकासको लागि स्थीर सरकार पूर्व शर्त मानिन्छ त्यस्तै गाउँपालिकाको समग्र विकासको लागि स्थीर नेतृत्व अपरिहार्य हुन जान्छ । निर्वाचित जनप्रतिनिधि ५ वर्षको लागि निर्वाचित हुने भएकोले गाउँपालिकाले तर्जुमा गरेका गुरुयोजना, आवधिक योजना तथा नीतिहरू कार्यान्वयन गर्ने, समीक्षा गर्ने, परिमार्जन गर्ने, जस अपजस लिने र जनता प्रति जवाफदेहीताको नैतिक जिम्मेवारी वहन गर्नु पर्ने हुन्छ । तर अध्यक्ष प्रशासकीय अधिकृत नेपाल सरकारको ईच्छा र निर्णयानुसार खटी आउने भएकोले वर्षै पिच्छे अध्यक्ष प्रशासकीय अधिकृत फेरबदल भई रहने हुँदा गाउँपालिकाले तर्जुमा गरेका आवधिक योजना एवं नीतिगत र संस्थागत सुधारका कुराहरू दस्तावेजमा सीमीत हुन पुगेका छन् । यसको स्वामित्व ग्रहण तथा जिम्मेवारी वहनबाट सङ्गठन पूरै विमुख भएको प्रायः भेटिन्छ ।
- देशमा विगत देखि भई रहेको राजनीतिक परिवर्तन, कोभिड १९ को महामारीले निम्त्याएको सङ्कट, द्रूतगतिमा भएको सूचना प्रविधिको विकास र सोसल मिडियामा आम जनताको सहज पहूँचको कारण समाजको परम्परागत धारणा र सोचमा पनि आमूल परिवर्तन ल्याएको महसुस गर्न सकिन्छ । अब सार्वजनिक तहहरूले आफुलाई जनताको चाहना र माग सम्वोधन गर्न सक्ने हैसियतमा उभ्याउनका लागि समयानुकुल प्राविधिक ज्ञान आर्जन गर्ने र परिवर्तनको वेगमा वग्न सक्ने गरी सेवा प्रवाहमा पनि समय र प्रविधिको परिवर्तनलाई ग्रहण गर्न सक्ने क्षमता विकास गर्नु अपरिहार्य भएको छ ।
- गाउँपालिका एक स्वशासित तथा सङ्गठित संस्था भएपनि आन्तरिक आम्दानीको ठूलो हिस्सा तलव भत्ता तथा प्रशासनिक शिरोभारमा खर्च भई रहेको अवस्था विद्यमान देखिन्छ । गाउँपालिकाको विकास निर्माणको लागि आवश्यक श्रोत साधनको मूल आधार केन्द्रिय अनुदान रहेबाट पनि गाउँपालिका आर्थिक रुपमा परनिर्भर भएसम्म कानूनी रुपमा स्वशासित भएपनि व्यवहारमा स्वशासित हुन सक्दैनन् । अतः आन्तरिक श्रोतसाधनको बर्तमान संभावनामा आधारित श्रोत प्रक्षेपण गर्ने, राजस्व प्रशासनलाई सवल र गतिशील बनाउन नीतिगत र व्यवहारमा पहल गरेको अवस्था पाइएन । राजस्व प्रशासन शाखाको सुदृढीकरण गर्ने र सो अनुरुपका दक्ष जनशक्तिको व्यवस्थापन पक्ष कमजोर रहेको देखिन्छ ।

- गाउँपालिकाबाट प्रदान गरिएका सेवा तथा कर राजस्वका दर र दायरामा आएको परिवर्तनलाई सेवा र सुविधासँग आवद्ध गर्न नसक्दा जनताको धारणा उत्साहजनक छ भन्न सकिन्न । यस्तो अवस्थामा स्थानीय तह कार्यान्वयन भएसँगै वडा कार्यालयहरू सेवा केन्द्रको रुपमा क्रियाशील हुनको लागि न्यूनतम जनशक्ति र सुविधाहरू उपलब्ध हुने र तोकिए वमोजिम सेवाहरू प्रवाह हुने सुनिश्चित हुनु जरुरी छ ।
- कार्य जिम्मेवारी र कार्यबोझको यथार्थ विश्लेषण हुन सकेको देखिदैन । प्रत्येक बर्ष कामको मात्रा र चाप बढ्दै गएकोले जनशक्ति नपुग भएको भनिए पनि वास्तवमा कुन कामको लागि कस्तो दक्षता र योग्यता भएको जनशक्ति नपुग भएको हो सोको अध्ययन र तर्कपूर्ण लेखाजोखा भएको पाइदैन ।
- गाउँपालिकाहरूको वार्षिक आयव्ययको आ.ले.प. हुने व्यवस्था गरिएको छ । गाउँ कार्यपालिका कार्यालयले आन्तरिक लेखापरीक्षणको कार्य, यस्को महत्व र आफ्नो भूमीका प्रभावकारी बनाउन सकेको पाइदैन । गाउँपालिकाबाट हुने विभिन्न शिर्षक अन्तर्गत गरिने सेवा तथा बस्तुको भुक्तानी दिंदा पूर्व लेखापरीक्षण गरेर मात्र गर्ने पद्धती स्थापना गर्न सकेको छैन ।
- गाउँपालिकाको सङ्गठन संरचना, क्षमता विकास जस्ता विषयको अध्ययन गाउँपालिकाको आवश्यकता र कर्मचारीको भावनालाई प्रतिविम्वित गर्ने किसिमको हुन नसकेकोले यस्ता खाले अध्ययन प्रतिवेदन मागलाई सम्वोधन गर्ने भन्दा पनि आपूर्ती पक्षबाट ल्याइने गरेको आम कर्मचारीहको बुझाई रहेको कारण उनीहरूमा यस प्रति उत्साह देखिदैनन् ।
- कार्यालय भित्र आन्तरिक संचार तथा व्यवस्थापनको पक्ष पनि कमजोर रहेको कर्मचारीहरू नै स्वीकार गर्दछन् । मासिक बैठक नियमित रुपमा हुने नगरेको, बैठक भए पनि सो बैठकमा सहायक कर्मचारीहरूको भूमीका प्रभावकारी देखिएको छैन । सेवा प्रवाहको काममा छिटो, छरितोपन तथा प्रभावकारिता ल्याउन ईमेल ईन्टरनेट, वेभसाईट, कम्प्युटर, फ्याक्स मेसिन जस्ता बिद्युतीय प्रणालीबाट संचालित उपकरणहरूको प्रयोगमा एकरुपता ल्याउन आवश्यक सुविधा तथा सेवा विस्तार नभएको कारण सेवा प्रबाहमा जटीलता छ ।
- यस गाउँपालिकाले आफ्नो सङ्गठन भित्रका शाखा, उपशाखाको कार्यक्षेत्र तथा कार्य जिम्मेवारी निर्वाह गर्ने सबै कर्मचारीले गर्नु पर्ने कामको कार्य विवरण सहितको स्पष्ट कार्य जिम्मेवारी तोकेको देखिन आएन । मन्त्रालयबाट जारी सञ्चालन आदेश कार्यान्वयनमा ल्याएको भए पनि कानुन र कार्यविधिको अभावमा स्थानीय स्वायत्त शासन ऐन, नियममा टेकेर परम्परागत रुपमा कामहरू सम्पादन हुँदै आएको अवस्था रहेको छ ।

## ६.३ क्षमता विकास योजनाको लक्ष

गाउँपालिकाबाट प्रदान गरिने सबै किसिमका स्थानीय सरोकारका गाउँस्तरीय सेवा तथा सुविधाहरू छिटो, छरितो, प्रभावकारी र जिम्मेवारीपूर्वक प्रवाह भई गाउँ विकासका सबै किसिमका क्रियाकलापहरू समावेशी, जवाफदेही र प्रभावकारी ढंगले सञ्चालन गर्ने क्षमता अभिवृद्धिमा टेवा पुगेको हुनेछ ।

## ६.४ क्षमता विकास योजनाको उद्देश्य

- गाउँ कार्यपालिकाको विभिन्न पदीय जिम्मेवारीमा कार्यरत कर्मचारीहरू निर्धारित कार्य विवरण अनुसार तोकिएका कामहरू पूर्ण जिम्मेवारीपूर्वक सम्पादन गर्न उत्प्रेरित हुनेछन् । यसबाट सबै किसिमका स्थानीय सेवाहरू सहज, सरल, झन्झट रहित र गुणस्तरीय तवरले प्रवाह गर्न गाउँपालिका र अन्तर्गत निकाय पूर्ण रुपमा सक्षम भएको हुनेछन् ।

- गाउँपालिकाको बिद्यमान कार्य जिम्मेवारीका आधारमा मौजुदा सङ्गठनात्मक संरचना र जनशक्तिलाई आधार मानी सेवा प्रवाहमा देखिएको कमजोरी पत्ता लगाई कार्यसम्पादन स्तरमा सुधार गरी प्रभावकारीता अभिबृद्धि गर्न टेवा पुग्नेछ ।
- गाउँपालिकाले लिएका दीर्घकालीन सोच र गन्तव्य सम्म पुग्न साविकमा गाउँसभाबाट र आगामी गाउँसभाबाट स्वीकृत क्षेत्रगत नीतिहरूमा आधारित रहि भविष्यका चुनौती र नयाँ प्रविधिको परिवर्तनलाई आत्मसाथ गर्न सक्ने सीप र क्षमता भएको जनशक्ति तयार गर्न समय सापेक्ष प्रशिक्षण कार्यक्रमहरू पहिचान गर्न टेवा पुग्नेछ ।
- गाउँपालिका मार्फत सञ्चालन गरिने विकासका आयोजनागत क्रियाकलापहरूको कार्य सम्पादनस्तरमा उल्लेख्य सुधार भई गाउँवासी प्रत्यक्ष रुपमा लाभान्वित हुनेछन् । गाउँपालिकाको सार्वजनिक तथा सामुदायिक विकासका कार्यक्रमहरूमा आमसमुदायको अर्थपूर्ण सहभागीतामा वृद्धि भई गाउँपालिकाप्रतिको विश्वासमा बढोत्तरी भएको हुनेछ ।
- गाउँपालिकाको कामकारवाहीमा सहभागिता अभिवृद्धि गर्न गाउँपालिकाको कार्यहरूसँग सरोकार राख्ने लक्षित वर्ग र समुदाय स्तरको लागि क्षमता विकास कार्यक्रमहरू पहिचान गरी प्रवाहिकरण गर्न सहयोग पुग्न जानेछ।
- निर्वाचित जनप्रतिनिधिहरूलाई विधि र पद्धतीमा आधारित स्थानीय शासन सञ्चालन सम्वन्धी संस्थागत सिकाई र दक्षता अभिबृद्धिका लागि नेतृत्व विकासको अवसर प्राप्त हुनेछ ।
- नेपालको संविधानले परिकल्पना गरेको तीन तहको सरकार मध्ये सक्षम, सवल, जिम्मेवार र नागरिक मैत्री स्थानीय सरकारको स्वरुपमा रुपान्तरण हुन टेवा पुग्नेछ ।

## ६.५ औचित्य एवम् महत्व

नेपालको संविधान २०७२ ले केन्द्रीकृत र एकात्मक राज्य प्रणालीलाई अन्त्य गरी समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तको आधारमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यव्यवस्था स्थापना गरेको छ । नेपालको संविधानले तीन तह (संघ, प्रदेश र स्थानीय) को सरकारको व्यवस्था गरी २०७३ फाल्गुनमा साविकका गाउँ विकास समिति तथा नगरपालिकाहरूलाई खारेज गरी स्थानीय सरकारको नयाँ संरचना कायम गरेको हो । नेपालमा ७५३ वटा स्थानीय सरकारहरू (२९३ नगरपालिकाहरू तथा ४६० गाउँपालिकाहरू) र ७७ वटा जिल्ला समन्वय समितिहरू स्थापना भएपछि २०७४ साल असोज सम्ममा सबै पुनर्गठित स्थानीय सरकारहरूको निर्वाचन सम्पन्न भएको थियो । स्थानीय सरकारको निर्वाचन सम्पन्न भए लगत्तै २०७४ साल असोजमा नै स्थानीय सरकार सञ्चालन ऐन तथा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन जारी भएको थियो । यी ऐनले संवैधानिक व्यवस्था अनुसार स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय सरकारमा विधायीकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न वित्त व्यवस्थापन सम्बन्धमा स्थानीय सरकारको अधिकारलाई थप स्पष्ट व्यवस्था गरेको छ ।

संवैधानिक व्यवस्था अन्तर्गत नयाँ शासकीय संरचना अनुसार स्थापना भएका स्थानीय सरकारहरूलाई विगतमा केन्द्रीय सरकार मातहत रहेका कतिपय विषयगत कार्यालयहरू मार्फत प्रदान गरिएका सेवाहरूलाई हस्तान्तरण गरिएको छ । यसले गर्दा विगतको स्थानीय निकायहरूको तुलनामा नयाँ संरचना अनुसार स्थापना भएका स्थानीय सरकारहरूलाई वित्तीय स्रोत साधनको अतिरिक्त बढी अधिकार तथा जिम्मेवारी प्राप्त छ । दिगो विकासका लक्ष्यहरू हासिल गर्न, सुखी र समृद्ध नेपाल निर्माण गर्न तथा सामाजिक न्याय स्थापित

गरी समतामूलक समाज निर्माण गर्ने अभिभारा भएको स्थानीय सरकारले आफ्नो कार्य सम्पादन स्तर सुधारमा धेरै प्रयत्न गर्नुपर्ने देखिएको छ ।

परिवर्तित सन्दर्भ अनुसारको जिम्मेवारी पूरा गर्न गाउँपालिकाहरूमा उपयुक्त संस्थागत व्यवस्थाको स्थापना, आवश्यक कर्मचारीहरू प्राप्ति तथा प्राप्त अधिकार क्षेत्रमा सेवा प्रदान तथा विकासका लागि योजना तथा कार्यान्वयनमा निरन्तर सुधार ल्याउन जरुरी हुन्छ । जसका लागि गाउँपालिकाको विद्यमान क्षमताको अध्ययन तथा विश्लेषणको आधारमा योजना तर्जुमा गरी कार्यान्वयन गर्दै जानुपर्ने हुन्छ ।

## ६.६ योजना तर्जुमा विधी

गाउँपालिकाको ३ वर्षे संस्थागत क्षमता विकास योजना तयारीका क्रममा देहायका विधि र प्रक्रियालाई मुख्य आधार लिइएको छ ।

(क) गाउँपालिकाको निर्वाचित अध्यक्षको अध्यक्षतामा भएको अन्तरक्रियात्मक बैठकमा गाउँ कार्यपालिकाका सदस्यहरू (वडा अध्यक्ष), कार्यक्रम फोकल पर्सन तथा अन्य जिम्मेवार कर्मचारीहरू, वडा सचिव, सामाजिक परिचालकहरूको सहभागिता रहेको छलफल कार्यक्रमा गाउँपालिकाको क्षमता विकासका मौजूदा समस्या तथा कर्मचारीका अपेक्षाका विषयमा दुई दिने अन्तरक्रियात्मक छलफलका माध्यमबाट महत्वपूर्ण सुझाव, सल्लाह एवं पृष्ठपोषण लिइएको ।

(ख) गाउँपालिका कार्यालयका विभिन्न शाखा तथा उपशाखा अध्यक्षहरू लगायतका जिम्मेवारीमा रहेका कर्मचारीहरूसँग तोकिए बमोजिम कार्यविवरण अनुसार कार्यसम्पादनमा देखिएका कठिनाई, पीरमर्काको सुनवाईमा आन्तरिक संचार प्रणाली, क्षमता विकासमा गाउँपालिकाको प्रयास तथा भोग्नु परेका कठिनाई र अपेक्षाका विषयमा छलफलको माध्यमले जानकारी हासिल गरिएको ।

(ग) गाउँपालिका अन्तर्गतका हाल कायम ७ वटा वडा रहेकोमा सबै वडामा कार्यालय स्थापना भईसकेको अवस्थामा वडा अध्यक्ष र वडा सचिवहरूसँगको छलफलको आधारमा परिवर्तित परिवेशमा काम गर्दा भोग्नु परेको कठिनाई र वस्तुस्थितीको छलफलका माध्यमबाट अवस्था पहिचान गरिएको ।

(घ) गाउँपालिका कार्यालयको विगत ५ वर्षको गाउँ सभाबाट स्वीकृत आयव्यय (बजेट), स्वीकृत नीति र कार्यक्रम तथा क्षमता विकासमा गरिएका प्रयासहरूको अध्ययन गरी भएका प्रयासहरूको जानकारी लिइएको ।

(ङ) नेपाल सरकारले स्थानीय तह लागु गरेपछि जारी गरेको आदेश, परिपत्र, नमूना ऐन तथा नियमहरू लगायत मौजुदा नीतिगत व्यवस्थाहरूको अध्ययन तथा क्षमता विकासका लागि भए गरेका प्रयासहरूको विषयमा जानकारी हासिल गरिएको ।

## ६.७ अपेक्षित उपलब्धी

क्षमता विकासको लागि निर्धारित उद्देश्यहरूको प्राप्तिबाट निम्नअनुसारका अपेक्षित उपलब्धिहरू प्राप्त हुने अनुमान गरिएको छः

क) क्षमता विकास कार्यक्रमको माध्यमले गाउँ कार्यपालिकाले आफ्नो सङ्गठनात्मक संरचना र कार्यसम्पादनमा देखिएको कमजोरी पहिचान गरी जनशक्ति विकासको मार्गचित्र तयार गर्नेछ ।

ख) गाउँ कार्यपालिकामा कार्यरत जनशक्तिको रुची, चाहना तथा कार्यसम्पादनको क्षेत्रलाई सम्वोधन गर्ने गरी क्षमता विकास कार्यक्रम कार्यान्वयनको कार्ययोजना तयार हुनेछ ।

ग) क्षमता विकास योजना कार्यान्वयनको लागि आवश्यक आन्तरिक श्रोत र वाह्य श्रोत जुटाउन उपयुक्त अवसर प्राप्त हुनेछ । मानव संसाधन विकासको प्राथमिकता निर्धारण गरी सो क्षेत्रमा उपलव्ध श्रोत विनियोजन गर्न क्षमता विकास योजना आधार हुनेछ ।

घ) सङ्गठन अन्तर्गत कार्यरत जनशक्तिको ज्ञान, सीप, दक्षता स्तरमा सुधार हुनुका साथै समुदाय र सरोकारवालाहरू समेत गाउँ कार्यपालिकाको कार्यसम्पादन र सेवा प्रवाहको विषयमा अभिमुखीकरणको माध्यमले सुसूचीत भई गाउँ कार्यपालिकाको कामकारवाहीहरू पारदर्शी र जवाफदेही ढंगले सम्पादन हुँदा जनविश्वास अभिवृद्धिमा उल्लेख्य सुधार भएको हुनेछ ।

ङ) लामो राजनीतिक शून्यता पश्चात प्रत्यक्ष निर्वाचनको माध्यमले निर्वाचित पदाधिकारीहरूले गाउँपालिकाको नेतृत्व गर्ने अवसर प्राप्त गरेको हुँदा जनप्रतिनिधीहरूको लागि क्षमता विकास योजना स्थानीय शासन सञ्चालनको सिकाई र नेतृत्व विकासको लागि अवसरको रुपमा सहयोगी हुनेछ ।

च) राज्यले सबै क्षेत्रमा आर्थिक सामाजिक रुपमा पिछडिएका वर्ग र समुदायको अर्थपूर्ण सहभागिताको अवसर सिर्जना गरी समावेशी र समानुपातिक शासन प्रणालीका माध्यमले समाजका कमजोर तथा अवसर विहिनहरूलाई मूलधारमा ल्याउने नीति अवलम्वन गरेकोले क्षमता विकास कार्यक्रमको माध्यमले ती वर्ग र समुदायको मूलप्रवाहिकरणमा टेवा पुग्न जानेछ ।

छ) राज्यको नयाँ संरचना र कार्य जिम्मेवारी सम्पादनको अध्यक्ष अभिभारा स्थानीय तहमा निक्षेपण भएकोले प्रत्येक स्थानीय तहले स्थानीय सरकारको जिम्मेवारीमा रहि काम गर्नु पर्ने हुँदा अव स्थापना हुने विषयगत शाखा तथा ईकाई सञ्चालन र व्यवस्थापनमा समेत सहयोग पुग्न जानेछ ।

### ६.७.१ अपेक्षित प्रतिफल मापनको आधार

उल्लेखित अपेक्षित प्रतिफल मापनको आधार निम्न वमोजिम हुनेछः

१. गाउँ कार्यपालिकाको संस्थागत र व्यक्तिगत कार्यक्षमतामा सुधार भई कर्मचारीहरूको कार्यसम्पादनको मापन सूचकका आधारमा गर्न सकिनेछ ।

२. गाउँपालिकाले आफुले सम्पादन गरेको प्रत्येक वर्षको कामको न्यूनतम शर्त तथा कार्य सम्पादन मापनका नयाँ आधार स्वयं निर्धारण गरी स्वमूल्याङ्कन गरी सार्वजनिक जिम्मेवारी पूरा गरेको हुनेछ।

३. गाउँपालिकाले प्राप्त गर्ने वार्षिक अनुदान रकम पारदर्शी रुपमा समयमा खर्च गर्ने क्षमतामा सुधार गरी केन्द्र र प्रदेशबाट थप प्रोत्साहन अनुदान रकम प्राप्त गर्न सक्षम भएको हुनेछ ।

४. गाउँपालिकामा उपलव्ध सबै किसिमका भौतिक तथा वित्तीय श्रोतसाधनहरूको परिचालन विधि र विधानमा आधारित रहि संस्थागत रुपमा गरिएको हुनेछ ।

५. स्थानीयस्तरमा गाउँपालिका भित्र सञ्चालित कार्यक्रमहरू मध्ये कम्तिमा ९० प्रतिशत योजना तथा कार्यक्रमहरू तोकिएको समय र लागतमा नै सम्पन्न गर्न गाउँपालिका सक्षम भएको हुनेछ ।

६. सम्पन्न योजना तथा कार्यक्रमहरू मध्ये कम्तिमा प्रतिशत योजना तथा कार्यक्रमहरू नियमित मर्मत संभार भई निरन्तर सञ्चालनमा आएको हुनेछन् ।

७. गाउँपालिका क्षेत्र भित्र सञ्चालन हुने सबै किसिमका भौतिक पूर्वाधारका योजनाहरूको स्पष्ट विवरण समेटिएको सार्वजनिक सूचनापाटी योजना स्थलमा अनिवार्य रुपमा राखिएको हुनेछ ।

८. सार्वजनिक सुनवाई कार्यमा अधिल्लो सुनवाई भन्दा सहभागितामा वृद्धि भएको हुनेछ र गाउँ कार्यपालिकाले त्यहाँ उठेका प्रश्नहरूको सम्वोधन र समाधान गरेको पुष्टि भएको आधार सार्वजनिक गरेको हुनेछ ।

९. गाउँपालिकाका सबै शाखा, उपशाखा तथा इकाईहरूमा आवश्यकता अनुरूपको फर्निचर, कम्प्युटर लगायतका आधारभूत सामाग्रीहरूको व्यवस्था भएको हुनेछ ।
१०. गाउँपालिका अन्तर्गत सबै वडा कार्यालयहरू स्थापना भई कानुन बमोजिम गर्न सुम्पिएका कार्य जिम्मेवारीहरू पारदर्शी र प्रभावकारी रुपमा सम्पादन गर्न सक्षम भएका हुनेछन् ।
११. जनप्रतिनिधीहरू स्थानीय शासन सञ्चालनका आधारभूत ज्ञानका माध्यमले कानुन बमोजिम सम्पादन गर्नु पर्ने जिम्मेवारी निर्वाह गर्न र योजना तर्जुमा तथा वजेट विनियोजनका कार्य प्राथमिकताका आधारमा प्रभावकारी रुपमा सम्पादन गर्न सक्षम भएका हुनेछन् ।
१२. गाउँपालिकाले स्थानीय सरकारको रुपमा संविधान र अन्तर्गत वनेका ऐन, नियम, कानुन बमोजिम तोकिएका व्यवस्थापकीय, कार्यकारीणी र न्यायीक अधिकार सहितको कार्य जिम्मेवारी प्रभावकारी ढंगमा सम्पादन गरी सुशासन कायम गर्न सक्षम भएको हुनेछ ।
१३. स्थानीय समुदाय तथा नागरिक समाजको सहभागिता बृद्धि भई गाउँपालिकाको सेवा प्रवाह, दैनिक कार्य सम्पादन र विकास निर्माण कार्यको रेखदेख, चासो र अनुगमनको काममा अग्रसर रहि गाउँपालिकालाई निरन्तर निगरानी र खवरदारी गरेका हुनेछन् ।

### ६.७.२ क्षमता विकास क्रियाकलाप मापनका सूचकहरू

क्षमता विकास क्रियाकलाप मापनका सूचकहरू निम्न अनुसार हुनेछन्:

गाउँ कार्यपालिकाले क्षमता विकास योजना स्वीकृत गरी कार्यान्वयनमा ल्याएसँगै सञ्चालन गरिने क्रियाकलापहरू मापनको लागि तथा कार्यक्रमको समीक्षाको लागि सूचकहरू तयार गर्नु आवश्यक रहन्छ । सूचकहरू निर्धारण गर्दा उद्देश्य तथा अपेक्षित प्रतिफल प्राप्त भए नभएको अवस्था पहिचान गर्न सहयोग पुग्ने गरी सूचक निर्धारण गर्नु जरुरी भएकोले केही सूचकहरू नमूनाको रुपमा तल उल्लेख गरिएको छ।

१. गाउँ कार्यपालिकाले स्थानीय सेवा प्रवाह तथा दैनिक कार्य सम्पादनका लागि आफ्नो कार्यक्षेत्रका सबै विषय समेटने गरी आवश्यक कानुन, नियमहरू लगायत नीति, निर्देशिका तथा कार्यविधि स्वीकृत गरी प्रयोगमा ल्याएको हुनेछ ।
२. गाउँ सभाबाट स्वीकृत ऐन, नियम तथा नीतका आधारमा स्थानीय सेवा प्रवाह र कार्य सम्पादन सम्बन्धि नियमहरू, निर्देशिका एवं कार्यविधिका बारेमा गाउँ कार्यपालिकाका कर्मचारीहरू, वडा समितिका कर्मचारीहरू तथा जनप्रतिनिधिहरूलाई आवश्यकता अनुसार अभिमुखीकरण तथा प्रशिक्षण प्रदान गरिएको हुनेछ ।
३. गाउँ कार्यपालिका अन्तर्गत प्रत्येक वडामा नागरिक बडापत्र स्थापना भई नागरिक बडापत्रको माध्यमले तोकिए बमोजिमका सबै सेवाहरू सहज रुपमा प्रवाहित भएको हुनेछ । साथै नागरिकका जायज गुनासाहरू सम्वोधनको व्यवस्था प्रभावकारी भएको हुनेछ ।
४. गाउँपालिकासँग सम्बन्धीत सबै योजना तथा कार्यक्रमहरू तर्जुमा गर्दा सहभागितात्मक तथा समावेशीता योजना तर्जुमा विधिको पालना भएको हुनेछ । योजना तर्जुमा, अनुगमन, समीक्षा तथा प्रतिवेदन सम्बन्धि फाराम तथा ढाँचा तयार भई प्रयोगमा आएको हुनेछ र सबै प्रतिवेदन समयमा नै तयार भएको हुनेछ ।
५. आर्थिक ऐन नियम अनुसार तोकिएको ढाँचामा लेखाको आय व्यय श्रेस्ता तथा कानुन अनुसार राख्नु पर्ने सबै खाले अभिलेख व्यवस्थित गरी राखेको र समयमा नै सबै प्रतिवेदन तयार गरी पेश भएको हुनेछ ।

६. गाउँ कार्यपालिकाले निर्दिष्ट ढाँचा अनुसार तयार गर्नु पर्ने मासिक/चौमासिक/वार्षिक वित्तीय र भौतिक प्रगति प्रतिवेदनहरू तोकिएको समयभित्रै तयार गरी सम्बन्धीत सबै तहमा पठाएको र सो प्रतिवेदन उपर गाउँपालिका वोर्ड बैठकमा छलफल भएको हुनेछ ।
७. गाउँपालिकामा गठित लेखा समित कृयाशिल हुनेछ ।
८. गाउँ कार्यपालिका कार्यालय र वडा कार्यालयको वार्षिक जिन्सी निरीक्षण तोकिएको समय भित्रै सम्पन्न गरी प्रतिवेदन गाउँपालिका वोर्डमा छलफल भई प्रतिवेदन कार्यान्वयनमा आएको हुनेछ ।
९. गाउँ कार्यपालिका कार्यालय, शाखाहरू, वडा कार्यालयमा कार्यरत सबै कर्मचारीहरूको सम्बन्धीत पदको कार्य विवरण खुलाई जिम्मेवारी तोकिएको हुनेछ । कार्य विवरणमा उल्लेखित जिम्मेवारीका आधारमा कार्यसम्पादन मापनका आधार प्रयोगमा ल्याएको हुनेछ ।
१०. गाउँ सभाबाट स्वीकृत योजना तथा कार्यक्रमहरू कार्यान्वयनको वार्षिक कार्ययोजना तयार गरी तहगत जिम्मेवारी तोकेर सबै योजना तथा कार्यक्रम निर्धारित समय भित्रै सञ्चालन र सम्पन्न भएका हुनेछन् ।
११. गाउँपालिका स्तरमा उपाध्यक्षको संयोजकत्वमा गाउँपालिकास्तरीय र वडास्तरमा वडा अध्यक्षको संयोजनकत्वमा वडास्तरीय योजना अनुगमन तथा सुपरिवेक्षण समिति गठन र क्रियाशील भई अनुगमनका क्षेत्रगत सूचक तथा कार्यतालिका अनुसार काम भएको हुनेछ ।
१२. सबै वडाहरूमा टोल विकास संस्था, वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्र, बाल क्लब लगायत सामुदायिक संस्थाहरू गठनमा सहजीकरण गरी वार्षिक योजना/कार्यक्रम तर्जुमा, अनुगमन र सामुदायिक क्रियाकलापका समुदायको सहभागितामा विगत भन्दा सुधार भएको हुनेछ ।
१३. आर्थिक तथा सामाजिक अवसरहरूबाट पछाडि रहेका वर्ग र क्षेत्रका समुदायको योजना तर्जुमा तथा बजेट निर्माणमा र सो समुदायको सरोकारको विषयको निर्णय प्रक्रियामा पहूँच एवं सहभागितामा उल्लेख्य बृद्धि भएको हुनेछ ।
१४. मूलधार भन्दा पछाडि परेका आर्थिक सामाजिक रुपमा कमजोर वर्ग, महिला, आदिवासी, जनजाति, दलित, अल्पसंख्यक, फरक क्षमता भएका लगायतले स्वीकृत कानुन, नीति नियम, निर्देशिका, कार्यविधिबारे अभिमुखीकरणको माध्यमले जानकारी प्रवाहित गरिएको हुनेछ ।
१५. विकास क्रियाकलापहरूमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लागि सञ्चालन गरिने क्षमता विकास कार्यक्रमहरू मार्फत सामुदायिक सशक्तिकरण तथा समावेशिताको स्तर पहिचान सूचकको आधार हुनेछ ।
१६. सुरक्षित भवन निर्माणको लागि गाउँपालिका भित्र भवन संहिता र मापदण्ड पूर्ण रुपमा लागु भई शतप्रतिशत भवनहरू स्वीकृत मापदण्ड अनुसार निर्माण भएको हुनेछ ।
१७. स्थानीय सेवाहरू सहज रुपमा प्रवाह गर्न आवश्यक न्यूनतम भौतिक पूर्वाधारहरू ( कार्यालय भवन) सेवाग्राही मैत्री भएको, इन्जिनियरिङ्ग उपकरण, सूचना प्रविधि उपकरण तथा अन्य भौतिक सुविधा थप भई कार्य सञ्चालनमा प्रयोगमा आएको हुनेछ ।
१८. स्थानीय सेवा प्रवाहका कार्यहरू तथा विकास योजना सम्बन्धि कार्यहरू कम्प्युटर सफ्टवेयर जडान भई प्रयोगमा ल्याएको हुनेछ ।
१९. तीन वर्ष भित्रमा गाउँपालिकाका सबै जनसरोकारका कामहरू सूचना प्रविधिमा आधारित भई अनलाईन प्रणालीबाट सेवा सुविधा उपलव्ध भएको हुनेछ ।

२०. गाउँपालिकाको प्रत्येक कर्मचारीको इमेल आई.डी. उपलव्ध भई सूचना प्रविधिको प्रयोगमा पहूँच सुनिश्चित भएको हुनेछ ।

२१. गाउँ कार्यपालिकासँग सम्बन्धीत सार्वजनिक सरोकारका सत्य र तथ्यमा आधारित सूचना प्रवाहको लागि भरपर्दो संस्थागत प्रणाली स्थापना गरी प्रभावकारी भएको हुनेछ ।

२२. गाउँ सूचना केन्द्र स्थापना गरी गाउँपालिकाको वेवसाईटमा सूचनाको हक सम्वन्धी ऐन नियम अनुसार राख्नु पर्ने आधारभूत सूचनाहरू तोकिएको ढाँचामा अद्यावधि गरी राखिएको र आम नागरिकको सहज पहूँच सुनिश्चित भएको हुनेछ ।

२३. सूचना प्रविधिको प्रयोग गरी गाउँ कार्यपालिकाका सबै किसिमका अभिलेख अद्यावधिक गर्ने, नियमित रुपमा प्रतिवेदन तयार गर्ने र दोहोरो सञ्चार प्रविधि प्रयोगमा ल्याएको हुनेछ ।

२४. गाउँक्षेत्रमा क्रियाशील राजनीतिक दलहरू, सामुदायिक संस्थाहरू, नागरिक समाजका प्रतिनिधिहरू लगायत सरोकारवालाहरूले वजेट तथा कार्यक्रमहरूबारे सूचना एवं जानकारी पाएका हुनेछन् ।

२५. गाउँसभाबाट स्वीकृत वार्षिक योजना, कार्यक्रम तथा बजेटबारे आम नागरिकहरूले सार्वजनिक रुपमा जानकारी पाएको हुनेछन् । साथै गाउँपालिकाको विभिन्न बैठकका निर्णयहरू सार्वजनिक भएको हुनेछ ।

२६. गाउँपालिकाबाट सञ्चालन भई सम्पन्न भएका सबै योजना तथा कार्यक्रमहरूको सार्वजनिक परीक्षण लाभग्राही समुदायको रोहवरमा योजना सञ्चालन स्थलमा भएको सुनिश्चित हुनेछ ।

२७. विकास निर्माण एवम् सेवा प्रवाहसँग सम्बन्धित विषयमा विषयगत कार्यालय, नागरिक समाज, निजी क्षेत्रसँग गरिने अन्तरक्रिया एवम् समन्वय कार्यको उपलव्धीको आधारलाई सुचकको रुपमा लिइनेछ।

२८. समग्रमा गाउँपालिकाको कामबाट जनताले प्राप्त गरेको सन्तुष्टी मापन तथा गुनासो व्यवस्थापनको संस्थागत व्यवस्थाको क्रियाशीलताको आधार र प्रभावकारीता समेत सूचकको आधार हुनेछ ।

२९. क्षमता विकास योजनाको लागि आन्तरिक श्रोतबाट नपुग रकम कार्यक्रमका आधारमा नपुग श्रोत साधन तथा जनशक्ति वाह्य श्रोतबाट जुटाई परिचालित भएको हुनेछ ।

३०. गाउँपालिकाले सार्वजनिक क्षेत्र सहित निजी क्षेत्र, गैसस, सामुदायिक संस्थासँगको सहकार्य र साझेदारीमा क्षमता विकास कार्यक्रम कार्यान्वयनका ल्याएको हुनेछ ।

३१. गाउँपालिकाको क्षमता विकास योजनाका विषय क्षेत्रहरूमा प्रशिक्षण सञ्चालन गर्न योग्य सेवा प्रदायहरूको सूची तयार भई सो बमोजिम सेवा प्रदायकहरू परिचालन भएका हुनेछन् ।

# परिच्छेद सातः चुमनुव्री गाउँपालिका त्रैवार्षिक क्षमता विकास कार्यक्रम

## ७.१ संस्थागत क्षमता विकास योजना

स्थानीय सरकारको संस्थागत क्षमता अन्तर्गत पालिकाको भूमिका तथा जिम्मेवारी पूरा गर्नका लागि संस्था तथा संस्थाको प्रत्यक्ष पहुँच भित्र रहेको दक्षता, सीप, बुझाई, धारणा, मूल्य, सम्बन्ध, व्यवहार, स्रोत र साधनको समग्र अवस्थालाई बुझाउँछ । क्षमता विकासले भूमिका तथा जिम्मेवारी पूरा गर्नका लागि व्यक्ति, संगठन तथा समाजमा रहेको त्यस्तो ज्ञान, सीप र धारणा जस्ता पक्षहरू पर्छन् । क्षमता विकास लामो समय सम्म निरन्तर चलिरहने एउटा प्रक्रिया हो, जसको माध्यमले व्यक्ति, संगठन र समाजले आइपर्ने समस्याहरू समाधान गर्न, सम्भावनाहरूको उपयोग गर्न तथा समय सापेक्ष विकासका निर्धारित उद्देश्यहरू प्राप्त गर्न आवश्यक ज्ञान, सीप र धारणा प्राप्त गर्दछ । तसर्थ, स्थानीय तहको क्षमता विकास शब्दले व्यक्तिको ज्ञान, सिप र धारणामा सकारात्मक प्रभाव ल्याउनका साथै समग्र संस्था र प्रणालीको कार्य दक्षता र प्रभावकारीता वृद्धि भन्ने बुझाउँछ । यस हिसाबले स्थानीय सरकारको क्षमता विकासलाई बृहत रूपमा चारभागमा बाँडेर हेर्ने गरिन्छ । जुन स्थानीय तहको पहिलोः भौतिक स्रोत साधन दोस्रोः ऐन, नियम, विधि र प्रणाली, तेस्रोः जनशक्ति व्यवस्था र चौथोः ज्ञान, सीप, दक्षता जस्ता पक्षहरू पर्दछन् ।

गाउँपालिकाको संस्थागत क्षमताको लेखाजोखाको आधार, संस्थागत स्वमुल्याङ्कनको नतिजा, विद्यमान संस्थागत संरचना तथा जिम्मेबारी र कार्य सम्पादनको अवस्थालाई मध्यनजर गर्दै विश्लेषण गरिएको छ । खासगरी विकास व्यवस्थापन, संगठन व्यवस्थापन, वित्तिय व्यवस्थापन, सुचना व्यवस्थापन, सुशासन, समन्वय र सहकार्य जस्ता विषय बस्तुहरूलाई गाउँपालिकाको संस्थागत क्षमता भित्र राखिएको छ । उक्त विषय क्षेत्रमा भौतिक स्रोत साधन, ऐन नियम विधि र प्रणाली, जनशक्ति व्यवस्थापन र ज्ञान सीप, दक्षता लाई अभिबृद्धि गर्ने क्रियाकलापहरू समवेश हुने गरि संस्थागत क्षमता योजना निर्माण गरिएको छ ।

तालिका १ः चुमनुव्री गाउँपालिकाको संस्थागत क्षमता विकास कार्यक्रम

| क्र.सं. | प्रमुख क्रियाकलाप | बजेट (रु. हजारमा) | कार्यक्रम कार्यतालिका | | |
|---|---|---|---|---|---|
| | | | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ |
| १ | वेभ साईटमा सबै सुचना तथा दस्तावेज राख्ने | ० | 👍 | | |
| २ | सबै वडा कार्यालय तथा कार्य पालिका कार्यालयमा आवश्यक उपकरण व्यवस्थापन | १००० | 👍 | 👍 | 👍 |
| ३ | सबै वडा कार्यालय तथा कार्य पालिका कार्यालयमा स्टेशनरी सामाग्री व्यवस्थापन | ८०० | 👍 | 👍 | 👍 |
| ४ | अनुगमन सम्बन्धी अभिमुखिकरण उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार, सार्वजनिक परीक्षण सम्बन्धी अभिमुखिकरण | ३०० | 👍 | 👍 | 👍 |
| ५ | अन्तर स्थानीय तह समन्वय तथा सहकार्य कार्यविधि तर्जुमा | ५० | 👍 | | |
| ६ | अभिलेख व्यवस्थापनका लागी छुट्टै इकाई स्थापना | ३०० | | | 👍 |
| ७ | आधारभूत स्वास्थ्य तथा सरसफाई सम्बन्धी नीति, कानुन, मापदण्ड, योजनाको निर्माण सम्बन्धी विषयमा स्वास्थ्यकर्मीहरूलाई अभिमुखिकरण | ५०० | 👍 | 👍 | 👍 |
| ८ | उत्थानशील स्थानीय समुदायका लागि रणनीति तर्जुमा | २० | 👍 | | |

| क्र.सं. | प्रमुख क्रियाकलाप | बजेट (रु. हजारमा) | कार्यक्रम कार्यतालिका | | |
|---|---|---|---|---|---|
| | | | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ |
| ९ | उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि तयारी | २० | 👍 | | |
| १० | कर्मचारी तथा पदाधिकारीहरूको कार्यसम्पादन सम्झौता | ५० | 👍 | | |
| ११ | कर्मचारीहरूको आचारसंहिता तर्जुमा | २० | 👍 | | |
| १२ | कार्यपालिका/विषयगत समिति उपसमितिहरूको कार्यविधि निर्माण | २० | 👍 | | |
| १३ | कृषि प्रसार, उत्पादन, व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड तर्जुमा | ५० | 👍 | | |
| १४ | गाउँपालिकको आवधिक योजना कार्यान्वयन सहजिकरण | १२०० | 👍 | | |
| १५ | गाउँपालिका र विकास साझेदरहरू बिच अन्तरक्रिया | ५० | | 👍 | |
| १६ | गाउँपालिका कार्यालयको भवन लगायत भौतिक पूर्वाधार निर्माण, सुधार तथा विस्तार | १००० | 👍 | 👍 | 👍 |
| १७ | गाउँपालिकाको अस्पताल स्थापना र सञ्चालन सम्बन्धी मापदण्ड तर्जुमा | २०० | 👍 | | |
| १८ | गाउँपालिकाको मानव संसाधन विकास सम्बन्धी अल्पकालीन तथा दीर्घकालीन नीति निर्माण | ३०० | 👍 | | |
| १९ | गाउँपालिकाको सञ्चार रणनीति तर्जुमा | १५० | | | 👍 |
| २० | गाउँपालिकाको सेवा प्रवाहको मापदण्ड तर्जुमा | ५० | 👍 | | |
| २१ | गाउँपालिकामा कृषि /विपद महामारीको विषयमा योजना तथा बजेट निर्माण | १५०० | 👍 | 👍 | 👍 |
| २२ | गुनासो व्यवस्थापन कार्यविधि तयारी | २० | 👍 | | |
| २३ | गैससहरूको पार्श्वचित्र तर्जुमा | २०० | 👍 | | |
| २४ | ग्रामिण कृषि प्रविधिलाई एक पटकका लागि टुल किट र औषधि सहयोग | १५०० | | 👍 | |
| २५ | ग्रामिण पशु प्राविधिक लाई एक पटकका लागि टुल किट र औषधि सहयोग | १५०० | 👍 | | |
| २६ | चौमासिक रुपमा सार्वजनिक सुनुवाई कार्यक्रम | २००० | 👍 | 👍 | 👍 |
| २७ | तेश्रो पक्षबाट आयोजनाको अध्ययन अनुसन्धान | १५०० | 👍 | 👍 | 👍 |
| २८ | दिगो विकास लक्ष्यको स्थानीयकरण मापडण्ड | २० | 👍 | | |
| २९ | पदाधिकारी तथा कर्मचारीहरूको आचार संहिता निर्माण | २०० | 👍 | | |
| ३० | पालिकाको विकट वडाहरूमा स्वास्थ्य शिविर सञ्चालन कार्यक्रम | ३०० | 👍 | 👍 | 👍 |
| ३१ | पालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण | ५०० | 👍 | | |
| ३२ | पालिकास्तरीय कृषि प्रसारको संयन्त्र खडा गर्ने, प्राविधिकहरूलाई कृषि वजार सूचना, हाट वजार, प्रविधि प्रसार र कृषक क्षमता विकास तालिमको आयोजना | ३०० | 👍 | 👍 | 👍 |
| ३३ | पाश्र्वचित्र अध्यावधिक | १००० | 👍 | 👍 | 👍 |
| ३४ | पूर्ण सरसफाइका लागि मापदण्ड तयारी | २० | 👍 | | |
| ३५ | बालकल्याण गृह कार्यविधि तयारी | २० | 👍 | | |
| ३६ | बेरोजगारहरूको तथ्याङ्क सङ्कलन | ५०० | | 👍 | |
| ३७ | राजस्व असुली साक्षरता कार्यक्रम | २०० | 👍 | 👍 | 👍 |
| ३८ | राजस्व योजना तर्जुमा | ३५० | | | |

| क्र.सं. | प्रमुख क्रियाकलाप | बजेट (रु. हजारमा) | कार्यक्रम कार्यतालिका | | |
|---|---|---|---|---|---|
| | | | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ |
| ३९ | रेडियो कार्यक्रम सञ्चालन | ३०० | 👍 | 👍 | 👍 |
| ४० | लैससास सम्बन्धी संयन्त्रहरू निर्माण तथा परिचालन | ५० | | 👍 | |
| ४१ | वातावरण, जलवायु परिवर्तन व्यवस्थापन नीति | ५० | | | 👍 |
| ४२ | वार्षिक खरिद योजना निर्माण | ५० | 👍 | | |
| ४३ | वार्षिक सामाजिक परीक्षण | ३०० | 👍 | 👍 | 👍 |
| ४४ | विषयगत समिति (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि तयारी | २०० | 👍 | | |
| ४५ | व्यवसाय दर्ता गरेका व्यवसायीहरूको प्रोफाइल तर्जुमा | २०० | | | 👍 |
| ४६ | संयुक्त अनुगमन परिपाटीको विकास योजनाको चौमासिक, अर्धवार्षिक तथा वार्षिक समीक्षा | २०० | 👍 | 👍 | 👍 |
| ४७ | सम्पत्ती कर कार्यविधि निर्माण | २० | 👍 | | |
| ४८ | सबै कानुनहरू प्रकाशन | ५० | 👍 | | |
| ४९ | सबै कानुनहरूको एकिकृत पुस्तिका वेभसाईटमा प्रकाशन | ० | 👍 | 👍 | 👍 |
| ५० | सबै नीति नियमहरूको विश्लेषित सारांश रुप तर्जुमा | ५० | 👍 | | |
| ५१ | सबै विद्यालयको संस्थागत स्वमूल्याङ्कनको कार्यविधि तर्जुमा | ३० | 👍 | | |
| ५२ | सबै विद्यालयहरूको विद्यालय सुधार कार्ययोजना निर्माण | २० | 👍 | | |
| ५३ | सार्वजनिक कार्यालयमा खानेपानीको व्यवस्थापन | १००० | 👍 | 👍 | 👍 |
| ५४ | सार्वजनिक कार्यालयमा शौचालय व्यवस्थापन | १००० | 👍 | 👍 | 👍 |
| ५५ | सूचना पाटीलाई व्यवस्थापन | १०० | 👍 | | |
| ५६ | सूचना प्रविधि विकास र इ गभरनेन्सको लागि भौतिक सामग्री व्यवस्थापन | ५०० | 👍 | 👍 | 👍 |
| ५७ | सेवाग्राही मैत्री भौतिक पूर्वाधार निर्माण (सेवाग्राही सुचना तथा पर्खाइ कक्ष) | ६००० | 👍 | 👍 | 👍 |
| ५८ | स्थानीय सुशासन वुलेटिन प्रकाशन | १०० | 👍 | | 👍 |
| ५९ | स्वास्थ्य शाखाले आफ्नो शाखाको प्राथमिकता, लक्ष्य र रणनीति तर्जुमा | २० | 👍 | 👍 | 👍 |
| ६० | स्वास्थ्य संस्थाहरूमा आवश्यक उपकरणहरूको व्यवस्था | ५००० | 👍 | | |
| ६१ | हरेक वडा कार्यालयमा प्रशासन सेवाको सचिव व्यस्थापन | ० | 👍 | | |
| ६२ | हरेक शाखाको कार्यविवरण तर्जुमा | १५० | 👍 | 👍 | 👍 |
| ६३ | हेल्थ रेडिनेस सर्भे | ३०० | 👍 | | |
| ६४ | मर्मत संभार कोष सम्बन्धी नीति निर्माण | ३० | 👍 | | |
| ६५ | सार्वजनिक कार्यालयमा शौचालय व्यवस्थापन | १००० | | | |
| | **जम्मा** | **३४४३०** | | | |

## ७.२ मानव संसाधन विकास योजना

कुनै पनि सार्वजनिक संस्थाको कार्य सम्पादनको प्रभावकारीता मापन गर्ने महत्त्वपूर्ण आधार मानव स्रोत हो । मानव संसाधन विकास अन्तर्गत संस्थामा संलग्न जनशक्तिहरूको ज्ञान, सीप, दक्षता र क्षमता पर्दछ । जनशक्तिको दक्षताले नै संस्थाबाट वितरण गरिने सेवा तथा शाशकीय प्रबन्धको उपयुक्त व्यवस्थापन हुन सक्छ । यस सन्दर्भमा स्थानीय तहलाई प्राप्त अधिकार तथा जिम्मेवारीको कार्य सम्पादनको सुनिश्चिताको लागि संस्थामा मानवीय स्रोतको आवश्यकता पर्दछ । हाल स्थानीय तहको विद्यमान प्रशासनिक तथा

सांगठनिक संरचना निर्माण तथा स्थापना हुने क्रममा नै रहेका छन् । स्थानीय सरकारको प्रशासनिक तथा सांगठनिक संरचना तथा इकाईहरूको स्पष्ट कार्य विभाजन र जिम्मेवारी नभइसकेको अवस्था देखिन्छ । यस कारण स्थानीय सरकारको मानवीय संसाधनको व्यवस्थापन तथा दक्षता अभिवृद्धि गर्नु आवश्यक रहेको छ ।

सामान्यतया मानव संसाधन विकास भन्नाले कर्मचारी वा जनप्रतिनिधिहरूले प्राप्त भूमिका पूरा गर्नका लागि व्यक्तिको ज्ञान, सीप र धारणामा सकारात्मक सुधार गर्ने कार्य जस्तै; तालिम, अध्ययन अवलोकन आदिलाई क्षमता विकास भनेर बुझ्ने गरिन्छ, तर क्षमता विकास केवल तालिम, गोष्ठी, अन्तरक्रिया मात्र नभई यो संगठनमा आबद्ध मानिस, संस्थाको आन्तरिक तथा बाह्य व्यवस्थापन, संरचना, विधि, प्रस्तुति जस्ता पक्षहरूसँग सम्बन्धित हुन्छ र यो निरन्तर रूपमा चलिरहने प्रक्रिया हो । संस्थाले प्रभावकारी रूपमा संस्थाको उद्देश्य हासिल गर्नका लागि विद्यमान जनशक्तिको क्षमता विकास निरन्तर गर्दै जानु जरुरी हुन्छ । विद्यमान जनशक्तिको क्षमता विकासको पहिलो कार्य जनशक्तिको विद्यमान क्षमताको मूल्याङ्कन तथा विश्लेषण गरी त्यस अनुरूप क्षमता विकास नीति तथा योजनाको तर्जुमा तथा कार्यान्वयन आवश्यक छ । स्थानीय सरकारको मानव संसाधनमा निर्वाचित पदाधिकारी एव निर्दिष्ट भूमिका पूरा गर्न आवश्यक ज्ञान, सीप र धारणा भएका वा हासिल गर्न सक्ने क्षमता भएका कर्मचारीलाई जनाउँछ । यस अन्तर्गत आवश्यक मानव संसाधन प्राप्तिका लागि गरिने कार्यहरू (संगठन तथा व्यवस्थापन सर्वेक्षण, दरबन्दी निर्धारण, नियुक्ति प्रक्रिया, सरूवा/बढुवा व्यवस्था, जिम्मेवारी निर्धारण, पारिश्रमिक आदि) लाई बुझ्न सकिन्छ । स्थानीय सरकारका भूमिका पूरा गर्न जिम्मेवारीमा रहेका जनशक्तिहरू (निर्वाचित पदाधिकारीहरू, कर्मचारीहरू, स्थानीय सरकारसँग प्रत्यक्ष संलग्न भई कार्य गर्ने उपभोक्ता समितिका पदाधिकारीहरू, स्वयं सेवीहरू आदि) को क्षमता विकास पर्दछ ।

गाउँपालिकाको जनसंख्या, सेवाग्राहीको चाप तथा कार्यक्षेत्रलाई हेर्दा हालको मानवीय संसाधन क्षमता अप्रयाप्तता भई रहेको सन्दर्भमा आवश्यकता अनुसार मानवीय क्षमता विकासका कार्ययोजना अपरिहार्य देखिन्छ । गाउँपालिकाले हालसम्म पनि संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन निर्माण गरेको छैन । यसर्थ संगठन व्यवस्थापन अध्ययन गरि गाउँपालिकाको स्पष्ट संरचना, शाखा, इकाई, सम्बन्धित इकाईको कार्यविवरण अनुसार गाउँपालिकाको गाउँ सभाबाट पारित गरि ब्यवहारमा लागु गर्नुपर्ने देखिन्छ । मानवीय स्रोत क्षमता विकास कार्ययोजना अन्तरगत यस पालिकाको मानव साधन प्राप्ती, जनप्रतिनिधि, विषयगत समिति, उप समिति तथा कर्मचारीहरूको क्षमता अभिबृद्धि गर्ने ज्ञान, सीप र दक्षता अभिबृद्धि हुने तालिम, गोष्ठी, अध्ययन, अनुसन्धानसँग सम्बन्धित क्रियाकलापहरू राखिएको छ ।

तालिका २: चुननुम्री गाउँपालिकाको मानव संसाधन क्षमता विकास कार्यक्रम

| क्र.सं. | प्रमुख क्रियाकलाप | बजेट (रु. हजारमा) | कार्यक्रम कार्यतालिका | | |
|---|---|---|---|---|---|
| | | | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ |
| १ | अनुगमन मूल्याङ्कन प्रतिवेदन बारे अनुगमन समिति कर्मचारी र वडा सचिवलाई तालिम | ३०० | 👍 | | |
| २ | अनुगमन समिति तथा कर्मचारीहरूलाई अनुगमन निर्देशिकाको बारेमा अनुशिक्षण | ३० | 👍 | 👍 | 👍 |

| क्र.सं. | प्रमुख क्रियाकलाप | बजेट (रु. हजारमा) | कार्यक्रम कार्यतालिका | | |
|---|---|---|---|---|---|
| | | | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ |
| ३ | अनुगमन, मूल्याङ्कन, प्रतिवेदन प्रणालि बारे अनुगमन समिति र कर्मचारीलाई प्रशिक्षण समितिका पदाधिकारीलाई प्रशिक्षण | ५० | 👍 | | |
| ४ | उपभोक्ता समितिहरूलाई सार्वजनिक परीक्षण निर्देशिकाको बारेमा अभिमुखिकरण | २०० | | 👍 | |
| ५ | कर्मचारीहरूका लागि व्यक्तित्व विकास सम्बन्धी तालिम आयोजना | ५००० | 👍 | 👍 | 👍 |
| ६ | कार्यपालिकाका सदस्यहरूलाई कार्यपालिका सञ्चालन कार्यविधिको बारेमा अनुशिक्षण | १०० | 👍 | | |
| ७ | कार्यसम्पादनका आधारमा सबै भन्दा उत्कृष्टलाई पुरस्कार | ५० | 👍 | 👍 | 👍 |
| ८ | कार्यालय व्यवस्थापन तथा अभिलेख प्रणाली बारे वडा सचिवहरू र पालिकाको प्रशासन र सूचना प्रबिधि शाखाका कर्मचारीलाई प्रशिक्षण | २०० | | 👍 | |
| ९ | कृषि तथा पशु बिमा सहजकर्ता तालिम | १०० | | 👍 | 👍 |
| १० | खरिद नीति र सार्वजनिक खरीद व्यवस्थापन बारे जिन्सी हेर्ने, लेखा हेर्ने कर्मचारी र पदाधिकारी लाई तालिम | १०० | 👍 | | |
| ११ | गाउँपालिका भित्रका विभिन्न विषयगत समितिहरूलाई उनीहरूको औचित्य र जिम्मेवारी बारे प्रशिक्षण | ५० | 👍 | | |
| १३ | गुनासो व्यवस्थापन बारे वडा समिति, वडा सचिव र न्यायिक समितिलाई प्रशिक्षण | १०० | | 👍 | |
| १४ | ग्रामीण कृषि प्राविधिक २१ दिने तालिम | ५०० | | | 👍 |
| १५ | ग्रामीण पशु प्रविधि २१ दिने तालिम | ५०० | | | 👍 |
| १६ | जलवायु परिवर्तन सम्बन्धी तालिम | १०० | | 👍 | |
| १७ | टोल विकास संस्थाको गठन तथा अभिमुखिकरण | ५०० | 👍 | 👍 | 👍 |
| १८ | दिगो विकास लक्ष्यको बारेमा अभिमुखीकरण | ३०० | 👍 | | |
| १९ | दीगो विकास लक्ष्यको स्थानीयकरण तालिम | १०० | 👍 | | |
| २० | नतिजामा आधारित योजना तर्जुमा र अनुगमन तथा मूल्याङ्कन प्रणाली बारे कार्यपालिका सदस्य, कर्मचारी र वडा समितिलाई तालिम | ३०० | 👍 | | |
| २१ | नतिजामा आधारित योजना तर्जुमा र अनुगमन तथा मूल्याङ्कन प्रणाली बारे पदाधिकारी, कर्मचारी तथा वडा सचिवलाई तालिम | ३०० | | 👍 | |
| २२ | नव निर्वाचित पदाधिकारीहरूको लागि स्थानीय सरकार सञ्चालन ऐन र सुशासन सम्बन्धी तालिम | २०० | 👍 | | |
| २३ | न्याय सम्पादन तथा मध्यस्थता बारे न्यायिक समितिका पदाधिकारीलाई प्रशिक्षण | २५० | 👍 | 👍 | 👍 |
| २४ | न्यायिक समितिमा कानुन विज्ञको सेवा लिने व्यवस्था | ५० | 👍 | | |
| | पूर्ण खोप, सरसफाइ, बालविवाह, घटना दर्ता तथा छुवाछुत, भेदभाव, दाइजो, छाउपडी, बोक्सी, जस्ता विकृति बारे जनप्रतिनिधि, कर्मचारी र टोल विकास संस्थालाई तालिम | ५०० | 👍 | 👍 | 👍 |

| क्र.सं. | प्रमुख क्रियाकलाप | बजेट (रु. हजारमा) | कार्यक्रम कार्यतालिका | | |
|---|---|---|---|---|---|
| | | | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ |
| २६ | प्रकाशित सबै कानुनहरूको बारेमा सबै सरोकारवालाहरूलाई अभिमुखीकरण | २०० | 👍 | 👍 | 👍 |
| २७ | बाल क्लव, संजालको लागि क्षमता विकास तालिम | ५०० | | 👍 | |
| २८ | बालमैत्री स्थानीय शासन सम्बन्धी तालिम | ५० | | | 👍 |
| २९ | भवन संहिता बारे कार्यपालिका तथा वडा समिति र कर्मचारीलाइ अभिमुखिकरण | ५० | | | 👍 |
| ३० | भू-उपयोग नीति बारे कार्यपालिकाका तथा वडाका पदाधिकारी र विषयगत शाखा प्रमुखलाई अभिमुखीकरण | ५० | | | 👍 |
| ३१ | महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई पोषण र बाल स्वास्थ्य बारे प्रशिक्षण | १०० | 👍 | | |
| ३२ | राजस्व तथा श्रोतको उपयोग सम्बन्धी नीतिको विषयमा राजस्व परामर्श समितिलाई तालिम | ५० | | 👍 | |
| ३३ | राजस्व परामर्श शाखा, कर्मचारी तथा पदाधिकारी तथा जनप्रतिनिधिहरूलाई अन्य गाउँपालिका तथा गाउँपालिकाले राजस्वको क्षेत्रमा गरेको उदाहरणीय कामको बारेमा अभिमुखीकरण | ५० | | | 👍 |
| ३४ | लेखा तथा अन्य शाखाका कर्मचारीहरूलाई सूचना प्रविधिको बारेमा तालिम | ५० | 👍 | | |
| ३५ | लेखा व्यवस्थापन, आन्तरिक लेखापरीक्षण, बेरूजु फछ्र्यौट बारे लेखा शाखाका कर्मचारी र प्र.प्र.अ. लाई प्रशिक्षण | ५० | | 👍 | |
| ३६ | लैंगिक समानता र सामाजिक समावेशीकरण बारे कार्यपालिका र वडा समितिका पदाधिकारी लाई प्रशिक्षण | २० | 👍 | | |
| ३७ | लैंगिक समानता र सामाजिक समावेशीकरण बारे गाउँपालिकाका अधिकृत कर्मचारी र वडा सचिवहरू लाई प्रशिक्षण | २० | | 👍 | |
